सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२५ कात्तिक २०८०, शनिबार (11 Nov 2023, Saturday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक २०५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

झ्याउनयाँ



विश्वभर चिकित्सामा कहिले नसकिने बहस

मानिसलाई कुन वेला मृत मान्ने ?



सन् १९६० को दशकसम्म मानिसको मुटुको धड्कन अपरिवर्तनीय रूपमा बन्द हुनुले मानिसको मृत्युलाई संकेत गर्थ्यो, तर सन् १९८० सम्ममा आइपुग्दा मृत्युको परिभाषालाई 'ब्रेन डेथ'मा परिमार्जन गरियो । तर, यो विषयमा कहिल्यै आमसहमति भएन, विवादै रह्यो ।

पुनर्जीवन पाएको एउटा सरकारी विद्यालय



टाट पल्टने अवस्थामा रहेको सरकारी विद्यालयलाई प्रधानाध्यापक सीताले पूर्ण रूपमा सपारिन्

● शिवहरि घिमिरे

मुगु सामूहिक हत्याका आरोपित सार्वजनिक

गहना लुट्न पाहुना बनेर छिरेका थिए हत्यारा



प्रहरीका अनुसार श्रीदेवीका पति दीपकसँगको रिसिबी साँध्न तथा श्रीदेवीको गहना लुट्न हत्याको योजना बनेको थियो

(विस्तृत पृष्ठ ३)

विदेशी मुद्रा सञ्चिति तीन वर्षयताकै उच्च

एकै महिनामा भित्रियो एक खर्ब ३६ अर्ब रुपैयाँ रेमिट्यान्स, मूल्यवृद्धि नियन्त्रण भने चुनौतीपूर्ण, निर्यात पनि घट्यो

(विस्तृत पृष्ठ ७)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ स्थलगत निरीक्षणपछि संसदीय समितिको निष्कर्ष

प्रभावकारी हुन सकेन राहत वितरण

भौगोलिक विकटता, जनशक्ति अभाव तथा व्यवस्थापनको कमीले राहत वितरणमा विलम्ब, ढुवानी खर्च अभाव

● **रामहरि खतिवडा**, सभापति, राज्य व्यवस्था तथा सुशासन समिति

राहत सामग्री जम्मा भएको छ। सदरमुकाम र पालिकासम्म पुगेको छ। कतिपय रोड एरियामा पुगेको छ, तर दूरदराजमा अझै पनि नपुगेकाले सरकारको ध्यान पुनुपर्छ। एकद्वार प्रणाली पनि राम्रो छ। तर, यसलाई जात, पार्टी, गुट, क्षेत्रका आधारमा भन्दा पनि सबैलाई एकैखाले व्यवहार हुने गरी हेर्नुपर्छ।

कमलराज भट्ट/नयाँ पत्रिका

भूकम्प प्रभावित क्षेत्र जाजरकोट र रुकुम पश्चिमको स्थलगत निरीक्षणमा पुगेको संसदीय समितिले राहत वितरण अपेक्षाकृत प्रभावकारी हुन नसकेको निष्कर्ष निकालेको छ। भूकम्प प्रभावित क्षेत्रमा तीनदिने निरीक्षण सकेर शुक्रबार काठमाडौं फर्किएको समितिले भौगोलिक विकटता, जनशक्ति अभाव तथा व्यवस्थापनको कमीले पीडित परिवारले तत्कालै राहत पाउन नसकेको निष्कर्ष निकालेको हो।

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले केही समय काठमाडौं, विराटनगर, नेपालगन्ज, बुटवल र सुर्खेतबाट सामान जानुपर्ने हुँदा ढिला भएको, तर पहिलो चरणमा राहतको काम ९० प्रतिशत सम्पन्न भएको जानकारी दिएको छ। सभापति रामहरि खतिवडाका अनुसार दूरदराजका कतिपय गाउँमा अझै धेरै राहत पुग सकेको छैन।

'राहत वितरण ठूलो संख्यामा भएको छ। एकद्वार प्रणाली छ, तर कतिपय दुर्गम ठाउँमा हेलिकोप्टरले पनि पुऱ्याउन सकेको छैन। ठूलो हेलिकोप्टर बस्न नसक्ने, सानो हेलिकोप्टरमा ५-६ सय किलो मात्र जान सक्ने, त्यसले धेरैपटक लिएर जानुपर्ने भएकाले ढिलाइ भएको छ,' उनले भने।

उद्धारमा सरकारको तदारुकता देखिए पनि समन्वय अभावले पनि राहत वितरणमा ढिलाइ हुन पुगेको समितिको निष्कर्ष छ। 'राहत सामग्री जम्मा भएको छ।

» पृष्ठ २ मा क्रमशः



भूकम्प प्रभावित क्षेत्रको स्थलगत निरीक्षण गर्दै राज्य व्यवस्था तथा सुशासन समितिको टोली

■ समितिले आज प्रधानमन्त्रीलाई सुझावसहितको प्रतिवेदन बुझाउने

समितिले प्रभावित क्षेत्रको अवस्था र अब चाल्नुपर्ने कदमसहित सुझाव प्रतिवेदन शनिबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई बुझाउने बताएको छ। 'भूकम्प प्रभावित क्षेत्रको स्थलगत अध्ययन प्रतिवेदन शनिबार प्रधानमन्त्रीज्यूलाई बुझाउँछौं। यसका लागि दिउँसो २ बजेको समय लिएका छौं,' सभापति रामहरि खतिवडाले भने। सभापति खतिवडाका अनुसार राज्य व्यवस्था समितिले सरकारलाई भूकम्प प्रभावितका लागि दीर्घकालीन र अल्पकालीन कार्ययोजना तयार गर्न सुझाव दिएको छ। पुनर्स्थापना र पुनर्निर्माणका लागि नयाँ कार्ययोजना ल्याउन भनेको छ। प्रदेश र स्थानीय तहसँग प्रभावकारी समन्वय गरेर अघि बढ्ने नीति बनाउनुपर्ने औंल्याएको छ। अस्थायी आवास यथाशीघ्र निर्माण गरेर प्रभावित नागरिकलाई उपलब्ध गराउनुपर्ने आवश्यकता पनि औंल्याएको छ।

आगामी योजना तर्जुमा गर्दा पूर्वतयारीका लागि सामग्रीहरू यथेष्ट ठाउँमा राख्ने र त्यसलाई प्रदेश र स्थानीय संरचनामार्फत कसरी परिचालन गर्ने मोडालिटी तय गर्न समितिको सुझाव छ। साथै, अहिले संघमा उठेको राहत तुरुन्त स्थानीय तहमा पुऱ्याएर तिहारअगाडि नै वितरण गरिसक्नुपर्नेमा समितिको जोड छ। तिहारलगत्तै टहरा निर्माणमा तुरुन्त लाग्नुपर्ने, त्यसका लागि बजेट विनियोजन तथा भूकम्प प्रतिरोधात्मक घर निर्माणको खाका बनाउन समितिले आफ्नो प्रतिवेदनमार्फत सरकारको ध्यानाकर्षण गराएको छ। छिटो-छरितो स्थानीय साधन-स्रोत परिचालन गरेर भूकम्पप्रतिरोधी घर निर्माण गर्नुपर्ने समितिको सुझाव छ।

जाजरकोट र रुकुम पश्चिममा पशुपक्षीमा पौने ४ करोडको क्षति

रुकुम पश्चिममा **मनीष खड्का**

जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर गत शुक्रबार गएको ६.४ रेक्टर स्केलको भूकम्पले पशुपक्षीमा पनि ठूलो क्षति भएको छ। भूकम्पबाट सबैभन्दा बढी प्रभावित जाजरकोट र रुकुम पश्चिममा पौने चार करोडबराबरको पशुपक्षीको क्षति भएको छ। रुकुम पश्चिमको तुलनामा जाजरकोटमा धेरै क्षति छ।

रुकुम पश्चिमका ६ मध्ये पाँच र जाजरकोटका दशमध्ये चार स्थानीय तहमा गरी कुल तीन करोड ७२ लाख ९२ हजार एक सय ७२ रुपैयाँबराबरको क्षति पशुपक्षीमा पुगेको तथ्यांक छ। दुई जिल्लामा गरी एक हजार ६ सय ३५ पशुपक्षी र गोठमा क्षति पुगेको छ।

भूकम्पबाट जिल्लाका एक सय दुईजना कृषकका पशुपक्षी मरेको पशु अस्पताल तथा पशु सेवा कार्यालय जाजरकोटले जनाएको छ। जाजरकोटमा मात्र तीन करोड सात लाख ४६ हजार ६ सय ७२ रुपैयाँबराबरको क्षति भएको कार्यालय प्रमुख ज्ञानुकुमार शर्माले बताए।

कार्यालय प्रमुख शर्माका अनुसार जिल्लाभरमा कुल नौ सय ५७ वटा पशुपक्षी गोठमा क्षति पुगेको छ। जिल्लाभरमा ११ वटा गाईगोरु मर्दा दुई लाख २० हजार, एक सय ८० वटा भेडाबाख्रा मर्दा ३६ लाख, १९ वटा भैंसी मर्दा २२ लाख ८० हजार, ६ सय २९ वटा कुखुरा मर्दा एक लाख ६० हजार तीन सय ९५ र २० वटा टर्की मर्दा ६० हजारको क्षति भएको कार्यालय प्रमुख शर्माको भनाइ छ।

त्यस्तै, ९८ वटा गोठ र खोर पूर्ण रूपमा भत्किँदा दुई करोड ४४ लाख २६ हजार दुई सय ७७ रुपैयाँको क्षति भएको शर्माले जानकारी गराए। जाजरकोटमा गोरु १५, बाख्रा पाँच सय २१, भैंसी १४ र गाई १८ गरी पाँच सय ६८ पशुपक्षीलाई उपचार गरी बचाइएको छ।

यता रुकुम पश्चिममा ६ सय ७८ वटा पशुपक्षी र गोठमा क्षति भएको पशु अस्पताल तथा पशु सेवा कार्यालय रुकुम पश्चिमका प्रमुख शेरबहादुर खड्काले जानकारी दिए। यसबाट जिल्लामा ६५ लाख ४६ हजार पाँच सय

» पृष्ठ २ मा क्रमशः

■ तिहारलाई सयपत्री



शब्द/तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

शनिबारदेखि सुरु हुने तिहारका लागि काठमाडौं इचंगुका पुष्प किसान फूल टिप्न व्यस्त छन्। किसानहरूले सयपत्री, गोदावरी र अन्य विभिन्न फूलहरू लगाएका छन्। अघिल्लो वर्षको तुलनामा यस वर्ष तिहार ढिला परेको र बर्सातको समयमा पनि आवश्यक वर्षा भएकाले फूलखेती सप्रिएकाले किसान खुसी छन्। फूल टिप्न भ्याइनभ्याई भएका किसानहरू माला उन्नमा पनि व्यस्त छन्।

जन्ममिति विवादपछि उपरथी पाण्डेले दिए राजीनामा

अर्का उपरथी सिग्देलको पनि जन्ममिति विवाद

भावी प्रधानसेनापतिको रोलक्रम अन्योलमा

पशुराम काफ्ले/नयाँ पत्रिका

भावी प्रधानसेनापतिको रोलक्रममा रहेका नेपाली सेनाका वरिष्ठ उपरथी ताराध्वज पाण्डेले जन्ममिति विवादमा मुछिएपछि बिहीबार राजीनामा दिएका छन्। जंगी अड्डाले उनको राजीनामा रक्षा मन्त्रालयमा पठाएको छ।

» पृष्ठ २ मा क्रमशः

पोषक
पेलेट दाना
You can trust...

महान चाड दिपावली तथा छठ पर्वको मंगलमय शुभकामना !

हाम्रा सम्पूर्ण वितरक, विक्रेता तथा कुखुरापालन व्यवसायमा संलग्न कृषक दाजुभाई तथा दिदीबहिनीहरुलाई शुभकामना सहित पोषक पेलेट दानाका मूल्य, मिति २०८०/०६/१४ बाट निम्न बमोजिमको उपभोक्ता मूल्य घटाई विक्रि वितरण गरिरहेको जानकारी गराउँदछौं।

दानाका प्रकारहरू	घटेको मूल्य प्रति के.जी. मा
BPS, B1, B2, B3 & L1	रू. ३/-
L2 & L3	रू. ५/-

ॐ चावो बिरो फिड ईण्डष्ट्रिज प्रा. लि.
बिरगंज, नेपाल

■ प्लान्ट क्वारेन्टिनको टुर मुकाम कार्यालय बन्दको असर

कैलालीको त्रिनगर नाकाबाट खाद्यान्न र तरकारीको आयात तीन महिनादेखि ठप्प

नेपालगन्ज नाकाको भर पर्दा लागत बढ्यो, बजारमा भाउ पनि बढ्ढो


धनगढीमा **तेजराज भट्ट**

कैलालीको त्रिनगर भन्सार नाकाबाट खाद्यान्न, तरकारी, फलफूल, कुखुराको दानालगायत वस्तुको आयात तीन महिनादेखि ठप्प भएको छ।

सरकारले त्रिनगर भन्सारमा रहेको प्लान्ट क्वारेन्टिनको टुर मुकाम कार्यालय बन्द गरेपछि भारत भएर आयात हुने धान, गहुँ, मकै, दलहनलगायत खाद्यान्न, फलफूल, तरकारी, पशुपन्छी तथा दुग्धजन्य वस्तुको आयात २८ साउनदेखि रोकिएको हो।

प्लान्ट क्वारेन्टिनको टुर मुकाम कार्यालयले यी वस्तुको आयात-निर्यातका लागि अनुमतिपत्र जारी गर्नेसँगै परीक्षणको कार्य गर्दै आएको थियो। तर, क्वारेन्टिन सेवा बन्द हुँदा खाद्यान्न, फलफूल, तरकारीलगायत वस्तुको आयात पूर्ण रूपमा रोकिएको कैलाली भन्सार कार्यालयका सूचना अधिकारी

» पृष्ठ २ मा क्रमशः



कैलालीको त्रिनगर भन्सार नाका

क्वारेन्टिइन पुनर्स्थापना गरिदिन प्रधानमन्त्रीलाई मुख्यमन्त्री कमलबहादुर शाहको पत्र



'सुदूरपश्चिम प्रदेशको मुख्य नाकाका रूपमा रहेको कैलाली भन्सारमा प्लान्ट क्वारेन्टिन बन्द हुँदा एकातिर सुदूरपश्चिम प्रदेशका खाद्य, मैदा, तेल, बेकरीसँग सम्बन्धित उद्योग प्रभावित भएका छन् भने अर्कोतिर कृषिजन्य वस्तुसँगै दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि हुँदा त्यसको प्रत्यक्ष मार आमनागरिकमा परेको छ,' मुख्यमन्त्री कमलबहादुर शाहले सोमबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई पठाएको पत्रमा उल्लेख छ।

काउण्टर खुल्ला रहने जानकारी

आदरणीय ग्राहक महानुभावहरुमा नेपालीको महान चाड तिहार एवं छठ पर्व २०८० को उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । ग्राहक महानुभावहरुको सुविधाको लागि तिहार तथा छठ पर्वको विदाको दिनमा पनि यस बैंकको निम्न बमोजिमका शाखा कार्यालयहरु निम्न समयमा खुल्ला रहने जानकारी गराउँदछौं ।

कार्तिक २६ गते (लक्ष्मी पुजामा) खुल्ला रहने शाखाहरु

प्रदेश	शाखा	समय	प्रदेश	शाखा	समय
बाग्मती	चावहिल	१०:००-१:००	बाग्मती	कमलविनायक	११:००-२:००
	कोटेश्वर	१०:००-१:००		टाँडी	१०:००-१:००
	बुढानिलकण्ठ	११:००-२:००		नारायणघाट	१०:००-१:००
	कुलेश्वर	१०:००-१:००	गण्डकी	नयाँबजार पोखरा	१०:००-१:००
	कुमारीपाटी	११:००-२:००	लुम्बिनी	बुटवल	०९:००-१२:००
	पुल्चोक	१०:००-१:००		भैरहवा	१०:००-१:००
	स्वयम्भु	१०:००-१:००	सुदुर पश्चिम	धनगढी	११:००-२:००
	बनेपा	१०:००-१:००			

कार्तिक २७ गते (गाई पुजामा) खुल्ला रहने शाखाहरु

प्रदेश	शाखा	समय	प्रदेश	शाखा	समय
कोशी	कंचनबारी	१०:००-१:००	गण्डकी	न्युरोड पोखरा	१०:००-१:००
	ईटहरी	०९:३०-१२:३०		दमौली	११:००-२:००
मधेश	जनकपुर	११:००-२:००		आबुखैरेनी	१०:००-१:००
	वीरगंज	१०:००-१:००	लुम्बिनी	परासी	०९:००-१२:००
बाग्मती	पुतलीसडक	१०:००-१:००		नेपालगंज	१०:००-१:००
	हेटौंडा	१०:००-१:००	सुदुर पश्चिम	अत्तरिया	१०:००-१:००
				राजपुर	१०:००-१:००

कार्तिक २८ गते (गोवर्द्धन पुजा/म्ह पुजामा) खुल्ला रहने शाखाहरु

प्रदेश	शाखा	समय
कोशी	विराटनगर	१०:००-१:००
मधेश	राजविराज	१०:००-१:००
	मिर्चैया	११:००-२:००
	आदर्शनगर	१०:००-१:००
गण्डकी	दुलेगौंडा	१०:००-१:००
सुदुर पश्चिम	महेन्द्रनगर	१०:००-१:००

मंसिर ३ गते (छठ पर्वमा) खुल्ला रहने शाखाहरु

प्रदेश	शाखा	समय
कोशी	विराटनगर	१०:००-१:००
बाग्मती	न्युरोड	१०:००-१:००
	हाकिमचोक	१०:००-१:००
लुम्बिनी	भैरहवा	१०:००-१:००
	नेपालगंज	१०:००-१:००

कार्तिक ३० गते (तिहार बिदामा) खुल्ला रहने शाखाहरु

प्रदेश	शाखा	समय
बाग्मती	थापाथली	१०:००-१:००

थप जानकारीको लागि यस बैंकको ग्राहक सेवा केन्द्र (०१-५९७०५५५) मा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

माछापुच्छ्रे बैंक

सबल, उत्कृष्ट एवं विस्तारित

केन्द्रिय कार्यालय, लाजिम्पाट, काठमाण्डौं
फोन नं. ०१-४५२८५५६

प्रभावकारी...

पृष्ठ १ बाट क्रमशः

सदरमुकाम र पालिकासम्म पुगेको छ। कतिपय रोड एरियामा पुगेको छ, तर दूरदराजमा अझै पनि नपुगेकाले सरकारको ध्यान पुग्नुपर्छ,' सभापति खतिवडाले भने, 'एकद्वार प्रणाली पनि राम्रो छ। तर यसलाई जात, पार्टी, गुट, क्षेत्रको आधारमा भन्दा पनि सबैलाई एकै खाले व्यवहार हुने गरी हेर्नुपर्छ।'

स्थलगत अध्ययनमा गएका समिति सदस्य दिलेन्द्र बडूले पनि राहत सामग्रीकै माग बढी भएको, तर सबै ठाउँमा पुग्न नसकेको बताए। 'तत्काललाई टेन्ट, कम्बल र ओछ्याउने म्याट आवश्यक छ। जति माग छ, त्यति सबै पीडितकहाँ पुगिसकेको छैन। विलम्ब भयो भन्ने गुनासो छ, हामीले देख्यौँ, सुन्यौँ,' उनले भने। एकद्वार प्रणालीअन्तर्गत जिल्ला प्रशासनबाट पालिका र पालिकाबाट वडामा सामान पुगे पनि त्यहाँबाट टोल हुँदै पीडित परिवारमा पुग्न ढिला भएको पाइएको उनले बताए। 'गाउँमा राहत पुगेको छ। यद्यपि, भौगोलिक विकटता भएको अलि टाढाको गाउँमा यसलाई तीव्रता दिनुपर्छ,' उनले भने।

समितिकै अर्का सदस्य बुद्धिमान तामाङले वडाबाट राहत वितरण समस्या भइरहेको देखिएको बताए। 'वडाबाट टोल-टोल हुँदै बाँड्नुपर्ने हो। तर, त्यहाँ व्यवस्थापनमा कमजोरी पाइयो। पूरै राहत आउँछ, अनि बाँड्ने भन्ने देखियो। हामीले वडामा पनि सर्वदलीय र सर्वपक्षीय रूपमा जति आएको छ, त्यति नै तदारुकताका साथ राहत वितरण गर्न ध्यानाकर्षण गराएका छौँ,' उनले भने।

स्थलगत निरीक्षणका क्रममा समितिले देखेको अर्को समस्या हो, ढुवानी खर्चको अभाव। 'काठमाडौंबाट सुर्खेत हुँदै जिल्ला आइपुगेका सामग्री प्रभावित क्षेत्रमा पुर्‍याउन ढुवानी खर्चको अभाव देखियो। रुकुम पश्चिममा सिडिओले प्रभावित क्षेत्रमा ढुवानीका लागि २५ लाख भए पनि पुग्छ भन्नुभएको छ। ढुवानीका लागि सरकारले व्यवस्थापन गर्नुपर्छ,' सभापति खतिवडाले भने।

संसदीय समितिले राहत कोषमा जम्मा भएको पैसा तत्काल प्रभावित क्षेत्रको राहत र पुनर्निर्माणमा केन्द्रित गर्नुपर्ने पनि औँल्याएको छ। 'राहत कोषमा पुगेको पैसा छिटो पुगोस्। यहाँ नअलमलियोस्, प्रभावित नागरिकले पाओस्। कसैको कमाउ खेती नबनोस्,' सभापति खतिवडाले भने। समिति सदस्य तामाङले पनि सामान ढुवानी गर्न पैसाको अभाव देखिएको र प्रभावित क्षेत्रमा पुर्‍याउने समस्या देखिएको बताए।

संसदीय समितिले राहत वितरण अन्तिम चरणमा पुगेको भन्दै अबको चरणमा पुनर्स्थापना र पुनर्निर्माणको कार्य अगाडि बढाउनुपर्ने निष्कर्ष पनि निकालेको छ। 'तिहारलगत्तै अस्थायी आवासगृह बनाउनुपर्छ। यो सकिएन भने त्यहाँ ठूलो समस्या आउँछ। चिसोको समयमा विभिन्न रोग र महामारी आउन सक्छ, स्वास्थ्यकर्मी र औषधि पनि पर्याप्त छैन। त्यसैले सुरक्षित आवासलाई दीर्घकालीन योजना तयार गरेर तुरुन्तै एउटा कार्यक्रम ल्याउनुपर्छ। तिहारलगत्तै ५-६ महिनाका लागि अस्थायी आवासगृह बनाउने, त्यसपछि भूकम्प प्रतिरोधात्मक घर निर्माण गर्नेतिर जानुपर्छ,' सभापति खतिवडाले भने।

समिति सदस्य बडूले प्रभावित क्षेत्रमा आंशिक क्षति भएका घरहरू बस्नयोग्य नभएकाले पूर्ण क्षतिकै रूपमा पुनर्निर्माण गर्नुपर्ने अवस्था रहेको बताए। 'तीन दिनपछि आएको अर्को धक्काले बाँकी रहेका घर पनि भत्किसकेपछि त्यहाँ अहिले पुनर्निर्माणको ठूलो व्ययभार राज्यले व्यहोर्नुपर्छ,' उनले भने, 'अबको चरण भनेको नयाँ घर नबन्दासम्मका लागि सरकारले तत्काल अस्थायी आवासको व्यवस्था गर्न जरुरी छ।'

बडूले पुनर्स्थापना र पुनर्निर्माणका लागि टोलटोलमा सामूहिक जनपरिचालन जरुरी रहेको र यसमा पार्टी, संस्था र सुरक्षाकर्मीको सहयोग आवश्यक रहेको उल्लेख गरे। सदस्य बडूले प्रदेश सरकारसँग समन्वय नभएको गुनासो पनि आएको भन्दै पुनर्निर्माणमा तीनवटै तहको समन्वय व्यवस्थित गर्नुपर्नेमा जोड दिए।

अर्का सदस्य तामाङले पनि राहत वितरणपछि अस्थायी बसोवास प्रबन्धमा लाग्नुपर्ने बताए। 'जाडो बढिरहँदा त्रिपालले धान्दैन। हुरीबतास आएपछि नै समस्या हुन्छ। कम्तीमा जाडो काट्ने संरचना बनाउनुपर्छ,' उनले भने।

समितिले विपत्को पूर्वतयारीका लागि राज्य संयन्त्र तयारी अवस्थामा राख्नुपर्नेमा जोडसमेत दिएको छ। 'सरकार पूर्वतयारीको अवस्थामा रहनुपर्‍यो, पूर्वाधार र सामग्री तयारी अवस्थामा राख्नेतिर सरकारले सोच्नुपर्छ,' खतिवडाले भने।

समितिले संकलन गरेको तथ्यांक

समितिको अध्ययनअनुसार जाजरकोट रानीडाँडा केन्द्र भएको भूकम्पले रुकुम पश्चिमका साथै सुर्खेत, दैलेख, कालिकोट, हुम्लामा पनि घरहरूमा क्षति पुर्‍याएको छ। समितिले संकलन गरेको तथ्यांकअनुसार सल्यानमा एक सय ४९ घर पूर्ण क्षति भएका छन् भने ६ सय ९५ आंशिक क्षति भएका छन्। जुम्लामा एक सय ९१, कालिकोटमा ९३, दैलेखमा दुई सय ५६ घरमा आंशिक क्षति भएको छ।

यसैगरी जाजरकोटमा एक लाख ९३ हजार जनसंख्यामध्ये एक लाख ७९ हजार ८९३ प्रभावित भएका छन्। मानवीय क्षति संख्या एक सय एकमध्ये ५६ महिला र ४५ जना पुरुष छन्। कुल तीन सय ६७ घाइतेमध्ये दुई सय ६८ जना सुरुमा डिस्चार्ज भएका थिए, ५० जना शुक्रबार डिस्चार्ज भएका छन्। अब सामान्य अवस्थाका ४९ जना उपचाररत छन्। आइसियूमा रहेका रुकुम पश्चिमका एकजनाको उपचारका क्रममा निधन भएको छ। कुल मृतकको संख्या १५४ पुगेको छ।

जाजरकोटमा शुक्रबारसम्म २५ हजार ब्लांकेट र ३० हजार त्रिपाल आइपुगेको छ। रुकुम पश्चिममा शनिबार ६ हजार पाँच त्रिपाल आइपुग्ने समितिले जनाएको छ। 'प्रभावित क्षेत्रमा खाद्य सामग्री अभाव छैन। कम्बल, त्रिपाल र टेन्टहरूको आवश्यकता देखिन्छ,' समिति सभापति खतिवडा भन्छन्, 'राहत सामग्री पनि आइरहेको छ। जनपरिचालन गरेर वितरण गर्नुपर्छ।' समितिका अनुसार सिडिओ कार्यालय, अदालत, मालपोतसहित सरकारी भवन, विद्यालय भवन काम नलाग्ने भएका छन्, बस्ने ठाउँ छैन। सुरक्षाकर्मीले भत्केको घरमा बसेर उद्धार र राहतमा खटिएका छन्।

जाजरकोट...

पृष्ठ १ बाट क्रमशः

रुपैयाँको क्षति भएको उनले बताए।

जिल्लामा सबैभन्दा बढी आठबिसकोट नगरपालिकामा २५ लाख ७३ हजार र सानीभेरीमा २४ लाख ६९ हजार रुपैयाँबराबरको क्षति भएको छ। आठबिसकोटमा पाँच गाइगोरु, १० भैँसी, ३४ बाख्रा, तीन भेँडा र तीन सय ४२ कुखुरा मरेका छन्। कार्यालयका अनुसार आठबिसकोटमा एउटा खोर भत्किएको छ।

सानीभेरीमा सात गाईगोरु, पाँच भैँसी, ६५ बाख्रा, एक सय ६ कुखुरा मर्दा एउटा गोठ भत्किएको छ। त्रिवेणी गाउँपालिकामा एक भैँसी, एक बाख्रा, दश टर्की, ५० कुखुरा र एउटा खोर गरी ६ लाख १५ हजार, मुसीकोटमा दुई भेँडा, ३३ कुखुरा र दुई खोर गरी आठ लाख ६९ हजार पाँच सय र चौरजहारीमा एउटा बाख्रा मर्दा २० हजारको क्षति भएको खड्काले जानकारी दिए। जिल्लाको बाँफीकोट गाउँपालिकामा भने पशुपक्षीमा भएको क्षतिको विवरण भने कार्यालयसँग छैन।

जाजरकोट र रुकुम पश्चिमका पशु अस्पताल तथा पशु सेवा कार्यालयले भूकम्पका कारण मरेका पशु चौपायको सुरक्षित व्यवस्थापन गरिएको दाबी गरेका छन्।

Khani Khola Hydropower Company Ltd.

Dhumbarahi-4,Kathmandu, Nepal, Phone: 977-1-4529956,4536325
Email: khanikhola.hpc@gmail.com, Website: www.kkhpcl.com.np

Unaudited Financial Statement for the First Quarter Ended 30 Ashwin 2080
Statement of Financial Position as on 30 Ashwin, 2080

Amount in NRS.

Particulars	This Quarter Ending Ashwin End 2080	Previous Quarter Ending Ashad End 2080	Corresponding Previous Year Quarter Ending Ashwin 2079
Shareholders fund			
Equity Share Capital	465,714,300	465,714,300	465,714,300
Retained Earnings	(49,674,724)	(67,685,385)	(26,054,718)
Medium and Long Term Loan			
Long Term Loans	793,886,195	808,536,063	822,653,006
Current Liabilities			
Trade and Other Payables	177,910,323	182,714,612	180,007,219
Total Sources of Fund	**1,387,836,093**	**1,389,279,590**	**1,442,319,807**
Application of Fund			
Non Current Assets			
Property, Plant & Equipments	943,595,534	953,499,940	979,412,585
Investment	8,000	8,000	8,000
Current Assets			
Advances & Deposits	438,894,204	431,513,948	462,395,745
Cash & Cash Equivalents	5,338,356	4,257,703	503,477
Total Application of Fund	**1,387,836,093**	**1,389,279,590**	**1,442,319,807**

Statement of Profit or Loss and Other Comprehensive Income for the period ended on 30 Ashwin, 2080

Particulars	This Quarter Ending Ashwin End 2080	Previous Quarter Ending Ashad End 2080	Corresponding Previous Year Quarter Ending Ashwin 2079
Revenue	**64,842,342**	**141,116,034**	**66,715,148**
Sale of Energy	64,842,342	140,855,133	66,715,148
Interest Income	-	139	-
Other Income	-	260,762	-
Expenses	8,681,570	24,025,213	6,574,566
Administrative Expenses	8,681,570	24,025,213	6,574,566
Operating Profit/ (Loss)	**56,160,773**	**117,090,821**	**60,140,582**
Bank Interest expenses	28,245,706	100,289,611	24,744,687
Depreciation	9,904,406	39,614,942	10,089,113
Profit / (Loss) before Tax and Bonus	**18,010,661**	**(22,813,733)**	**25,306,781**
Profit/ (Loss) before Tax	**18,010,661**	**(22,813,733)**	**25,306,781**
Less: Tax	-	-	-
Net Profit/ (Loss)	**18,010,661**	**(22,813,733)**	**25,306,781**

First Quarter Disclosure as of 30 Ashwin 2080 (17 October 2023)
As per securities registration and issuance regulation Annex-XIV

1. Financial Statements

Financial Highlights	This quarter ending	Previous quarter ending	Corresponding Previous Year Quarter Ending
Basic Earning Per Share	3.87	(4.90)	5.43
Market Value Per Share (in Rs)	171.0	203.60	175.00
Net worth Per Share (in Rs)	89.33	85.47	94.41
Price Earning (P/E Ratio)	44.22	(41.64)	32.23
Current Ratio	2.50	2.38	2.57

२. व्यवस्थापकिय विश्लेषण:
यस संस्थाको मौज्दात, आम्दानी र तरलतामा उल्लेखनिय परिवर्तन छैन । कम्पनीको व्यवसायिक योजना अनुसार कार्यहरु हुदैछन् ।

३. कानुनी कारवाही सम्वन्धी विवरण:
यस संस्थाले वा संस्थाको, संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध तथा आर्थिक अपराध गरेको सम्वन्धी कुनै कानुनी कारवाहीको विवरण तथा मुद्दा दायर भएको छैन ।

४. संगठित संस्थाको शेयर कारोबार सम्वन्धी विश्लेषण:
धितोपत्र बजारमा यस कम्पनीको शेयर कारोवार नियमानुसार सामान्य प्रकृति बाटै भएको छ । यस त्रैमासिक अवधिमा शेयरको अधिकतम, न्युनतम अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या यस प्रकार छ ।

शेयरको अधिकतम मूल्य (रु)	शेयरको न्यूनतम मुल्य (रु)	शेयरको अन्तिम मुल्य (रु)	कारोवार भएको कुल दिन	कारोवार संख्या (शेयर संख्या)	(Sources) http.//nepalstock.com.np
२०८.९०	१६२.००	२०७.९०	६१	२३६,३३०	

५. समस्या, चुनौती:
पुर्वानुमानभन्दा बाहिर हुने दैवि प्रकोपको सामना गर्नु पर्ने चुनौती सदा रहिरहने छ । कम्पनीले निर्माण गरेको आयोजनाहरुबाट उत्पादित विद्युत जोड्ने मातातिर्थ-माल्टा ३३ के भी प्रसारण लाईनको निर्माण कार्य नेपाल विद्युत प्राधिकरणले समयमा सम्पन्न नगरेकोले नेविप्राको प्रथम वैकल्पीक व्यवस्था RCOD पश्चात २ वटा ११ के भी वितरण लाईन मार्फत विद्युत प्रवाह गर्दा एक तिहाई भन्दा कम विद्युत मात्र प्रवाह भै आयोजनालाई नोक्सानी भैरहेकोमा पुन: नेपाल विद्युत प्राधिकरणको दोस्रो वैकल्पीक व्यवस्था अनुसार मिति २०७६ फागुन २० बाट माण्डुको स्वीचयार्डबाट कुलेखानी १ मा विद्युत प्रवाह गर्दा आयोजनाबाट उत्पादन भएको करिव ९० प्रतिशत विद्युत प्रवाह भईरहेकोमा नेपाल विद्युत प्राधिकरणले माण्डुको स्वीचयार्डमा अपग्रेड गर्ने कार्य सम्पन्न गरिसकेको हुंदा हाल आयोजनाबाट उत्पादान हुने सम्पूर्ण विद्युत नेशनल ग्रिडमा प्रवाह भैरहेको छ । आयोजनाबाट उत्पादित विद्युत बैकल्पीक व्यवश्थाबाट प्रवाह भैरहेकोमा मिति २०७९ भाद्र २९ गतेबाट लागू हुने गरि नेविप्राले स्थाई रुपमा (Take or Pay) गरि विद्युत खरीद-विकी सम्वन्धी सम्भौता समेत सस्शोधन गरि सकेको छ । उच्च **बैक व्याज दरको कारण खर्च बढ्न गई कम्पनीको नाफामा प्रतिकुल असर पर्न गएको छ ।**

६. संस्थागत सुशासन:
कम्पनीको संस्थागत सुशासन कायम राख्न व्यवस्थापन तथा संचालक समिति सदा प्रतिवद्ध रहेको छ । प्रचलित कानुन र नियमन निकायबाट जारी भएका सुशासन सम्वन्धी व्यवस्थाहरु तथा निर्देशिकाहरु पूर्णरुपमा पालना गरीएको छ । कम्पनी ऐन २०६३ को प्रावधान वमोजिम लेखा परिक्षण समिति गठन गरिएको छ आन्तरिक लेखा परिक्षणको व्यवस्था छ ।

७. कार्यकारी प्रमुखको उद्घोषण:
यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पुर्णतामा आधारित छन्, भनि विश्वास लिएको छु र लगानीकर्ताहरुलाई समुचित निर्णय लिन आवश्यक कुनै विवरण सुचना तथा जानकारीहरु लुकाएको छैन भन्ने कुरामा पनि विश्वस्त छु ।

Maya Khola Hydropower Company Limited

Dhumbarahi-4,Kathmandu, Nepal, Phone: 977-1-4529956,4536325

Balance Sheet as on Ashwin 30, 2080 (Unaudited)

(NPR '000)

Particulars	This Quarter ending As at 30 Ashwin, 2080	Previous Quarter ending As at 31 Ashad, 2080	Crroesponding Previous Quarter ending As at 31 Ashwin, 2079
Assets			
Non-Current Assets:			
Properties, Plant & Equipments	3,103,460	3,133,932	8,279
Capital Work-in-Progress	-	-	2,767,334
Investments	17,017	17,017	16,717
Total Non-Current Assets	**3,120,476**	**3,150,948**	**2,792,329**
Current Assets:			
Deposits and Margins	4,596	11,153	13,344
Other Loans & Advances	199,817	165,698	133,119
Sundry Debtors	33,467	8,968	-
Cash & Bank Balance	6,168	17,677	5,238
Total Current Assets	**244,049**	**203,495**	**151,702**
Total Assets	**3,364,525**	**3,354,444**	**2,944,032**
Equity and Liabilities			
Equity			
Share Capital	1,000,000	1,000,000	660,000
Reserve and Surplus	(123,346)	(73,153)	(57,883)
Total Equity	**876,654**	**926,847**	**602,117**
Non-Current Liabilities:			
Long Term Loan	2,237,300	1,941,283	1,841,231
Total Non-Current Liabilities	**2,237,300**	**1,941,283**	**1,841,231**
Current Liabilities:			
Trade and Other Payables	220,590	200,297	200,683
Short Term Loan	29,981	286,017	300,000
Total Current Liabilities	**250,571**	**486,313**	**500,683**
Total Equity and Liabilities	**3,364,525**	**3,354,444**	**2,944,032**

Profit & Loss Accounts for the period ended Ashwin 30 , 2080 (Unaudited)

Particulars	This Quarter ending As at 30 Ashwin, 2080	Previous Quarter ending As at 31 Ashad, 2080	Crroesponding Previous Quarter ending As at 31 Ashwin, 2079
Revenue from Operations	56,700	8,968	-
Less: Direct Expenses	-	-	-
Gross Profit	**56,700**	**8,968**	-
Add: Other Income	1,145	574	120
Less: Operating & admin Expenses	8,936	15,859	4,184
Operating Profit/(Loss)	**48,909**	**(6,318)**	**(4,064)**
Financial Costs	68,630	6,890	-
Depreciation	30,472	6,338	391
Profit Before Bonus & Tax	**(50,193)**	**(19,545)**	**(4,455)**
Provision for Staff Bonus	-	-	-
Net Profit before Tax	**(50,193)**	**(19,545)**	**(4,455)**
Income Tax	-	-	-
Net Profit after Tax	**(50,193)**	**(19,545)**	**(4,455)**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि-१४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

माया खोला हाईड्रोपावर कम्पनी लिमिटेडको
आ.व.०८०/०८१ को प्रथम त्रैमासिक अवधिको विवरण

१. वित्तीय विवरण
क) प्रथम त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्वन्धी विवरण यसै साथ संलग्न गरिएको छ ।
ख) प्रमुख वित्तीय अनुपातहरुः

प्रति शेयर आम्दानी	प्रतिशेयर नेटवर्थ रु.	तरलता अनुपात	शेयरको बजार मूल्य रु	प्रति शेयर कूल सम्पत्तिको मुल्य (रु.)
(५.०२)	८७.६७	०.९७	२०९.९०	३३६.४५

२ व्यवस्थापकिय विश्लेषण
यस आयोजना निर्माण सम्पन्न भई मिति २०८०/०३/२२ गतेबाट COD भई व्यापारिक उत्पादन सुरु भएको छ ।

३ कानुनी कारवाही सम्वन्धी विवरण
यस कम्पनी वा यसका सस्थापक वा संचालकको विरुद्धमा कम्पनीको व्यवसायिक कारोवार सम्वन्धी कुनै पनि मुद्दा दायर नभएको ।

४. संगठीत संस्थाको शेयर कारोवार सम्वन्धी बिश्लेषण
यस कम्पनीको प्रथम त्रैमासिक अवधिको शेयर कारोवार सम्वन्धी विवरण यस प्रकार रहेको छ ।

शेयरको अधिकतम मूल्य (रु)	शेयरको न्यूनतम मुल्य (रु)	शेयरको अन्तिम मुल्य (रु)	कारोवार भएको कुल दिन	कारोवार संख्या (शेयर संख्या)	कारोवार रकम (रु.)
२४५.००	१७४.४०	२०९.९०	६१	५१०,७६५	१०९,३०७,९२९

५. समस्या र चुनौती
यस कम्पनीले बहन गर्नु पर्ने बाह्य समस्या र चुनौतीमा पूर्वानुमान गरे भन्दा वाहिरको बाढी, पहिरो लगायत अन्य दैविक प्रकोपको चुनौती सधै रहिरहने हुन्छ । नदीमा जलको प्रवाहमा कमी हुन गएमा आयोजनाबाट हुने विद्युत उत्पादनमा असर पर्न सक्दछ ।

६. संस्थागत सुशासन
कम्पनीमा संस्थागत सुशासन राख्न व्यवस्थापन सदैव प्रतिवद्ध रहेको छ । कम्पनीको सञ्चालनलाई व्यवस्थित गर्न तथा विभिन्न जोखिमहरु न्यूनिकरण गर्न समयानुकूल नीति निर्देशिकाहरु सञ्चालक समितिले पारित गरी लागू गर्दै आएको छ । साथै प्रचलित कानुन, नियमन निकायहरुबाट प्राप्त निर्देशनहरु एवं लेखा परीक्षकको सुझाव अनुसार कार्य सम्पादन गरिदै आएको छ ।

७. सत्य, तथ्यता सम्वन्धमा अध्यक्ष कार्यकारी प्रमुखको उदघोषण
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्वन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उदघोषण गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

कैलालीको...

पृष्ठ १ बाट क्रमशः

पवित्रकुमार खड्काले बताए।

कञ्चनपुरको गड्डाचौकीमा रहेको प्लान्ट क्वारेन्टिइन मातहत त्रिनगर नाकामा प्लान्ट क्वारेन्टिइनको टुर मुकाम कार्यालयले बिरुवा तथा बिरुवाजन्य उपजको आयात-निर्यातको अनुमति दिनुका साथै परीक्षण गर्ने गरेको थियो। कतिपय उपजको परीक्षण खाद्यले गर्थ्यो। केन्द्रको परिपत्रअनुसार त्रिनगर नाकाको टुर मुकाम कार्यालयबाट सेवा बन्द गरिएको प्लान्ट क्वारेन्टिन गड्डाचौकीका प्रमुख प्रमोद ठगुन्नाले बताए।

प्लान्ट, खाद्य र पशु क्वारेन्टाइनलाई एकीकृत रूपमा सञ्चालन गर्न सरकारले देशभरका चारवटा टुर मुकाम कार्यालयमा सेवा बन्द गरेको थियो। ठगुन्नाका अनुसार त्रिनगर नाकाबाट वार्षिक सवा दुई अर्बभन्दा बढी मूल्यको खाद्यान्न, तरकारी तथा फलफूल भारतबाट आयात हुने गर्छ भने करिब तीन करोडको तेजपत्ता र पिना भारत निर्यात हुन्छ।

त्रिनगर नाकाबाट खाद्यान्न, तरकारी, फलफूल आयात रोकिएपछि सुदूरपश्चिममा लागत महँगिएको छ। धनगढीको राजश्री फुड इन्डस्ट्रिजका सञ्चालक मनोज अग्रवालले उद्योगका लागि आवश्यक कच्चा पदार्थ नेपालगन्ज नाका भएर आयात गर्नुपर्दा लागत बढेको बताए। 'कच्चा पदार्थको आयातका लागि नेपालगन्जको भर पर्नुपरेको छ। त्रिनगरबाट ल्याउन पाइँदैन,' उनले भने, 'आयातको लागत बढ्दा खाद्य तथा कुखुराको दाना उत्पादन गर्ने उद्योगबाट उत्पादित वस्तुको मूल्य पनि बढेको छ।' मूल्य बढाउनुपर्दा पूर्वतिरका उद्योगसँग वस्तुको मूल्यमा प्रतिस्पर्धा गर्न नसकेर कतिपय उद्योग बन्द हुने अवस्थामा पुगेको उनले बताए। आयात सहज नभएको भन्दै व्यवसायीले तरकारी र फलफूलको मूल्य पनि बढाएका छन्। मूल्य वृद्धिको मार उपभोक्तालाई परेको छ। कञ्चनपुरको गड्डाचौकी नाकामा प्लान्ट क्वारेन्टाइन छ। तर, गड्डाचौकी नाकाबाट ठूला सवारीसाधन आउन नसक्ने भएकाले नेपालगन्ज नाकाबाट वस्तु आयात गर्नुपरिरहेको कैलाली उद्योग वाणिज्य संघका अध्यक्ष पुष्पराज कुँवरले बताए। बनबासा पुलको सीमित भारबहन क्षमताका कारण भारतले मालबाहक ट्रक ल्याउन नदिने र नेपालगन्ज नाकाबाट ल्याउँदा ढुवानी मूल्य बढ्ने भएकाले खाद्यान्न, तरकारी र फलफूलको आयातमा व्यवसायीले समस्या भोग्नुपरिरहेको उनले बताए।

जन्ममिति विवाद...

पृष्ठ १ बाट क्रमशः

मन्त्रिपरिषद्ले पाण्डेको राजीनामा स्वीकृत गरेपछि वरीयताका आधारमा अर्का उपरथीलाई जंगी अड्डाले रथीमा बढुवा सिफारिस गर्ने भएको छ। रक्षाको प्रस्तावअनुसार आगामी मन्त्रिपरिषद् बैठकले पाण्डेको राजीनामा स्वीकृत गरेपछि रथी बढुवाको प्रक्रिया फेरि सुरु हुनेछ।

उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले पाण्डेको कागजात छानबिन गरेर मात्रै निर्णय गर्न प्रधानसेनापति प्रभुराम शर्मालाई निर्देशन दिएअनुसार सेनाले आन्तरिक छानबिन थालेको थियो। यही वेला पाण्डेले बिहीबार राजीनामा दिएका हुन्। पाण्डे सेनाको सबैभन्दा महत्त्वपूर्ण मानिने युद्धकार्य तथा व्यवस्था महानिर्देशनालयको प्रमुख थिए। यो निकायले सेनाको सम्पूर्ण अप्रेसन हेर्ने गरेको छ।

सेनाका प्रवक्ता सहायक रथी कृष्णप्रसाद भण्डारीले उपरथी पाण्डेको राजीनामा रक्षा मन्त्रालयमा पठाइएको बताए। 'उहाँले दिनुभएको राजीनामा रक्षा मन्त्रालयमा पठाइएको छ,' उनले भने। पाण्डेको रथीमा बढुवा भएको भए उनी आगामी २४ भदौपछि प्रधानसेनापति हुने पक्का थियो।

सेनाको २५ बेसिक समूहका उपरथी पाण्डेले जंगी अड्डामा पेस गरेको नागरिकताको प्रमाणपत्र र शैक्षिक प्रमाणपत्रमा जन्ममिति फरक देखिएको थियो। उनको एसएलसीको प्रमाणपत्रमा १२ माघ ०२१ जन्ममिति उल्लेख छ। तर, उनले बुझाएको नागरिकताको प्रमाणपत्रमा भने जन्ममिति २३ मंसिर ०२३ उल्लेख छ।

पाण्डेपछि वरीयतामा अगाडि रहेका उपरथी अशोक सिग्देलले पनि जंगी अड्डामा फरक जन्ममितिको कागजपत्र पेस गरेका कारण रथी बढुवामा ढिलाइ हुने उच्च सैनिक स्रोतले जनाएको छ। उनको शैक्षिक प्रमाणपत्रमा जन्ममिति १९ माघ ०२१ छ भने उनले जंगी अड्डामा बुझाएको नागरिकताको प्रमाणपत्रमा जन्ममिति १९ माघ ०२३ छ। 'पाण्डे र सिग्देल जर्साबको जन्ममिति विवाद एउटै हो। पाण्डे जर्साबले जे कारण राजीनामा दिनुपर्‍यो। सिग्देल जर्साबले पनि दुई वर्ष उमेर घटाएको हुनाले पाण्डे जर्साबकै नजिरअनुसार उहाँ रथी बन्ने सम्भावना न्यून छ,' सेनाका बहालवाला एक उपरथीले भने।

सिग्देलको पनि कागजात छानबिन हुनेछ। प्रधानसेनापति प्रभुराम शर्माले सैनिक सचिव विभागलाई सिग्देल, निर्मलकुमार थापासहित जन्ममिति फरक रहेका जर्नेलहरूको कागजात पुनः छानबिन गर्न निर्देशन दिनुभएको छ,' जानकार सैनिक स्रोतले भन्यो, 'अवकाशको दश महिना बाँकी छँदा कुनै पनि विवादित व्यक्तिलाई बढुवा नगर्ने बरु, २५ बेसिकका उपरथीहरू योग्य नभए २६ बेसिकका उपरथीबाट रथीमा सिफारिस गर्नेमा उहाँ हुनुहुन्छ।'

हाल सिरियाको गोलानहाइट्समा संयुक्त राष्ट्रसंघीय मिसनका फोर्स कमान्डर रहेका उपरथी निर्मलकुमार थापाको पनि कागजातमा समस्या रहेको सैनिक अधिकारीहरू बताउँछन्। पाण्डे र सिग्देलको जति दुई वर्ष फरक नपरे पनि उनको पनि जन्ममिति फरक रहेको कागजात जंगी अड्डामा छ।

निवर्तमान प्रधानसेनापति पूर्णचन्द्र थापाको पालामा उच्च अधिकारीहरू सबैको सक्कल नागरिकता र शैक्षिक प्रमाणपत्र छानबिन भएको थियो। त्यसवेला सहायकरथी रहेका उपरथी सिग्देलको कागजात छानबिनका लागि उजुरी परेको जानकार एक सैनिक अधिकारी बताउँछन्। उनको समस्या देखिएपछि जंगी अड्डाले पाण्डेको पनि छानबिन गरेको थियो। सेनाको २५औँ बेसिक समूहका पाण्डे र सिग्देलले पेस गरेको दुई जन्ममितिमध्ये नागरिकताको जन्ममितिलाई तत्कालीन प्रधानसेनापति थापाले मान्यता दिएका थिए। त्यसपछि पाण्डे र सिग्देलको उपरथीमा बढुवा भएको थियो। तर, अन्य जर्नेलहरूको हकमा भने दुईवटा जन्ममितिमध्ये पुरानो जन्ममितिलाई मान्यता दिएर अवकाशमा पठाएको नजिर पाण्डे र सिग्देललाई पनि लागू नभएका कारण अहिले समस्या आएको सैनिक अधिकारीहरूको भनाइ छ।

■ मुगु सामूहिक हत्याका आरोपित सार्वजनिक

गहना लुट्न पाहुना बनेर छिरेका थिए हत्यारा

मुगुमा **अच्युतराज भण्डारी**

एकै परिवारका चार सदस्यको हत्या भएको घटनामा संलग्न दुई आरोपितलाई पक्राउ गरी प्रहरीले शुक्रबार सार्वजनिक गरेको छ। प्रहरीका अनुसार मुगुको छाँयानाथ रारा नगरपालिका-७ पिना घर भई हाल बाँकेको बैजनाथ गाउँपालिका- १ चिसापानी बस्ने अन्दाजी ३० वर्षीय काले भनिने गोर्खराज शाही र छाँयानाथ रारा- ६ मन्दु घर भएका ३१ वर्षीय गोपालबहादुर बोहराले सामूहिक हत्या गरेका हुन्।

उनीहरूलाई शुक्रबार दिउँसो जिल्ला प्रहरी कार्यालयमा पत्रकार सम्मेलन गर्दै प्रहरीले सार्वजनिक गरेको हो। जिल्ला प्रहरी कार्यालय मुगुका प्रमुख डिएसपी वीरेन्द्र थापाले आफन्त बनेर घरभित्र छिरेका उनीहरूले त्यसै राति तीन बच्चा र आमाको हत्या गरेको अनुसन्धानबाट खुलेको जानकारी दिए। प्रहरीले शाहीलाई २० कात्तिकमा सुर्खेतको वीरेन्द्रनगर नगारपालिका-५ स्थित पञ्चकोशी टोलबाट र बोहरालाई मन्दुस्थित घरबाटै नियन्त्रणमा लिएको थियो।

छायाँनाथ रारा गाउँपालिका- ६ मुन्दुगाउँकी २८ वर्षीया श्रीदेवी बोहरा, उनका ११ वर्षीय छोरा मनोज, सात वर्षकी छोरी अप्सरा तथा एक वर्षका छोरा रहरको घरभित्रै हत्या गरिएको अवस्थामा गत १० कात्तिकमा शव फेला परेको थियो।

प्रहरीले प्रारम्भिक अनुसन्धानका क्रममै ८ कात्तिकमा उनीहरूको सामूहिक हत्या भएको अनुमानसहित अनुसन्धान अघि बढाएको थियो। श्रीदेवीका श्रमान् दीपक बोहरा भने घटनाका वेला वैदेशिक रोजगारका लागि विदेशमा थिए।

डिएसपी थापाका अनुसार गोपालले हत्याको मुख्य योजाना बनाएका थिए। दीपकसँगको सामान्य रिसिबी साँध्ने तथा श्रीदेवीको घरमा रहेको धनसम्पत्ति लुट्ने योजनासहित हत्याको योजना बनाएको पाइएको छ। हत्याको योजना बनाएपछि गोपालले गोर्खराजलाई भेटी श्रीदेवीसँग १०-१२ तोला सुन र नगद भएको भन्दै लुटपाट गर्ने सल्लाह गरेका थिए।



जिल्ला प्रहरी कार्यालय मुगुमा शुक्रबार हत्या आरोपी सार्वजनिक गर्दै प्रहरी। तस्बिर : **नयाँ पत्रिका**

प्रहरीका अनुसार त्यसअघि गोपाल बोहरा वैदेशिक रोजागारीका लागि कतार गएकोमा राम्रो कम्पनीमा काम नपाई दुई वर्षमै नेपाल फर्किएपछि श्रीदेवीका श्रीमान् दीपकको सम्पर्कमा पुगेका थिए। दीपकले काम गर्ने कम्पनीमा राम्रो कमाइ भएकाले आफूलाई पनि सोही कम्पनीको भिसा पठाइदिन आग्रह गरेको, तर दीपकले आफूले त्यसो गर्न नसक्ने बताएपछि बदला लिन दीपकको परिवारको हत्या गर्ने योजनामा गोपाल पुगेका थिए। हत्या र लुटपाटको योजना बनाएपछि उनले गोर्खराजसँग सहयोग मागी योजना सुनाएका थिए र बोलाएका थिए।

■ यसरी भएको थियो हत्या

प्रहरीका अनुसार गोपालसँगका सल्लाहपछि ५ कात्तिकमा सुर्खेतबाट हिँडेका गोर्खराज भोलिपल्ट मुगु पुगेका थिए। गोपालसँग भेट गरेपछि दुवैजना कसैले थाहा नपाऊन् भनी घरको तल्लो तलामा रहेको खरायो बस्ने कोठामा लुकेर बसेका थिए। भोलिपल्ट ७ कात्तिकको दिनभर मन्दुगाउँस्थित एक सामुदायिक विद्यालयनजिकै खोलामा लुकेर बसेका थिए भने साँझ गोपालको पुरानो घरको गोठमा गएर लुकेर बसेका थिए। त्यसको भोलिपल्ट ८ कात्तिकको बेलुकी दसैँको टीका लगाएर माइतीबाट फर्किएकी श्रीदेवीको घरमा वास माग्न पुगेका थिए।

छोराछोरीसहित आफूले खाना खाएर सुत्ने तयारीमा रहेकी श्रीदेवीलाई बोलाएर ढोका खोल्न लगाई उनीहरू घरभित्र पसेका थिए। गोपाल सोही गाउँको भएको तथा गोर्खराजसँग समेत चिनजान भएकाले श्रीदेवीले रातिको समयमा पनि ढोका खोलेर उनीहरूलाई घरभित्र पस्न दिएकी थिइन्। त्यसरी भित्र पसेका उनीहरूले सबैको हत्या गरेका थिए। प्रहरीलाई उनीहरूले दिएको बयानअनुसार हत्यापछि श्रीदेवीले बोक्दै आएको एक थान ओप्पो मोबाइल, कानमा लगाएको करिब साढे दुई तोलाबराबरको सुनको रिङ, घाँटीमा लगाएको २५ लालको तिलहरी लुटेका थिए।

हत्यापछि गोर्खराज मुगु र जुम्लाको सिमाना भुल्भुलेसम्म पैदल हिँडेर त्यहाँबाट सुर्खेत जाने बस चढेर ९ कात्तिकको बिहान ९ बजे सुर्खेत पुगेको प्रहरीको अनुसन्धानमा खुलेको छ। श्रीदेवीबाट लुटिएको मोबाइलमा गोर्खराजले आफ्नो सिम हालेर चलाएका थिए।

अनुसन्धानका क्रममा प्रहरीले २३ कात्तिकमा नेपालगन्ज उपमहानगरपालिका- १८ कारकान्दोस्थित गजेन्द्रविक्रम शाहीको घरमा लुकाइछिपाइ राखेको साइ किर्पा गोल्ड चिया लेखिएको झोलामा एक लाख ७९ हजार नगद र एक थान आफ्नै नामको बस टिकट, आफ्नै नामको नेपाली राहदानी र दुईवटा सिम कार्डका खाली खोल बरामद गरेको थियो।

रोल्पा पुगेर प्रधानमन्त्रीले भने-

मौलिक तरिकाले समाजवादी क्रान्ति पूरा गर्छौं



रोल्पामा **नवीन लोचनमगर**

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेपालमा मौलिक तरिकाले समाजवादी क्रान्ति पूरा गर्ने बताएका छन्। रोल्पाको लिबाङमा शुक्रबार आयोजित जनसभालाई सम्बोधन गर्दै प्रधानमन्त्रीले वर्तमान सरकार त्यसको आधार तयार गर्न लागिरहेको बताए।

'मैले अहिले प्रधानमन्त्रीको रूपमा सामाजिक न्यायको पक्षमा दृढतापूर्वक केही अभियानहरू अगाडि बढाएको छु,' उनले भने, 'भ्रष्टाचारका अनेक काण्डविरुद्धको अभियान, सुशासन र सामाजिक न्यायको पक्षमा थालिएको अभियान समाजवादकै आधार निर्माणका लागि हुन्।' माओवादी अध्यक्षसमेत रहेका प्रचण्डले हिजो सामन्तवाद, निरंकुश राजतन्त्रविरुद्ध र जनवादी क्रान्तिका निम्ति रोल्पाले अग्रणी भूमिका खेलेको चर्चा गर्दै मौलिक तरिकाले समाजवादी क्रान्ति पूरा गर्ने अभियानको नेतृत्व पनि रोल्पाजस्तो आधार इलाकाले गर्नुपर्ने जिकिर गरे।

समाजवादका निम्ति आधार निर्माण भइरहेको दाबी गर्दै उनले विदेश गएका लाखौँ मानिसका लागि सामाजिक सुरक्षा कोष सुरु गर्नु पनि त्यसकै निरन्तरता भएको तर्क गरे। 'विदेशमा रहेका झन्डै चार लाख युवा सामाजिक कोषमा आबद्ध भइसकेका छन्। देशभित्र पनि अनौपचारिक सेवामा काम गर्ने मजदुरहरूको निम्ति र स्वरोजगारमा रहेका श्रमिकहरूका लागि पनि सामाजिक सुरक्षा कोषको घोषणा गरिएको छ र त्यसरी कोषमा आबद्ध हुन सक्ने मजदुरको संख्या ४० देखि ५० लाख छ,' उनले भने। प्रचण्डले यी घोषणा सामाजिक न्यायको क्षेत्रमा महत्वपूर्ण रहेको दाबी गरे। यसले धनीहरूलाई चाहिनेभन्दा धनी हुनबाट रोक्ने र गरिबहरूलाई धेरै गरिब हुनबाट रोकेर समाजवादको आधार निर्माणको भूमिका खेल्ने उनले जिकिर गरे।

> भ्रष्टाचारका अनेक काण्डविरुद्ध वर्तमान सरकारले थालेको अभियान, सुशासन र सामाजिक न्यायको पक्षमा गरिएका काम समाजवादकै आधार निर्माणका लागि भएका हुन्

कसैले गर्न नसकेको काम गर्‍यौं

प्रधानमन्त्री प्रचण्डले वर्तमान सरकारले अहिलेसम्म कसैले गर्न नसकेको काम गरिरहेको दाबी गरे। 'भ्रष्टाचारका ठुल्ठूला काण्डहरूका विरुद्ध नेपालको इतिहासमा कुनै पनि सरकारले गर्न नसकेको काम अहिलेको सरकारले गरेको छ,' उनले भने, 'नक्कली भुटानी शरणार्थी काण्डमा ठूला नेताहरू र ठूला ब्युरोक्र्याट अहिले जेलमा छन्। भूमाफियाहरूको काण्ड पनि यही सरकारले उजागर गरेको छ। यो काम कसैले गर्न सकेको थिएन, हामीले गर्‍यौं।' प्रधानमन्त्रीले विस्तारै किसानहरूको हक-अधिकार र जमिनमा सरकारको अधिकार स्थापित गर्ने काम पनि भइरहेको बताए।

रोल्पामा चिनियाँ प्रोजेक्ट ल्याउँछु

प्रधानमन्त्री प्रचण्डले रोल्पामा चिनियाँ प्रोजेक्ट ल्याउने घोषणा गरे। चीन भ्रमणमा जाँदा चीन सरकारसँग कृषि क्षेत्रसँग सम्बन्धित विषयमा सम्झौता भएको उल्लेख गर्दै उनले त्यसमध्येको एउटा 'प्रोजेक्ट' रोल्पामा ल्याउने प्रतिबद्धता जनाए। नयाँ कार्यक्रमले किसानको हकहितका निम्ति एउटा नयाँ वातावरण बनाउने प्रचण्डले विश्वास व्यक्त गरे। रोल्पाले नेपालको राजनीतिक परिवर्तनका निम्ति गरेको बलिदानको तुलनामा अहिलेको विकास अपर्याप्त रहेको भन्दै उनले राजनीतिक परिवर्तनमा रोल्पालीले खेलेको भूमिकाको सम्मानको निम्ति पनि अझै धेरै गर्नुपर्ने र आफ्नो कोसिस जारी रहेको बताए। प्रचण्डले शुक्रबार रोल्पा अस्पताल भवन र थबाङ खोला पक्की पुल उद्घाटन गर्नुका साथै थबाङमा पार्टीका नेता कार्यकर्तासँग भेटघाट गरे।

नेपालको आधुनिकीकरणमा बिआरआई सहयोगी बन्नेछ : नेपाल

काठमाडौं/ एकीकृत एमाजवादीका अध्यक्ष माधवकुमार नेपालले चीनको बिआरआई (बेल्ट एन्ड रोड इनिसियटिभ) परियोजनाले नेपालजस्ता देशहरूको आधुनिकीकरण प्रक्रियालाई गति दिन सहयोगी भूमिका खेल्ने विश्वास व्यक्त गरेका छन्। चीनको युनान प्रान्तमा आयोजित बिआरआईसम्बन्धी शुक्रबार आयोजित कार्यक्रममा नेपालले त्यस्तो बताएका हुन्।

नेपाल बिआरआईमा समर्थन र सहभागिता जनाउने सुरुवातकै देश भएको स्मरण गर्दै उनले सहकार्यले ज्ञान र प्रविधिको आदान-प्रदान एवं पूर्वाधार र विकास परियोजनाहरूमा फलदायी नतिजा प्राप्त हुने अपेक्षा रहेको बताए। भूपरिवेष्टित र ाष्ट्रबाट भूजडित राष्ट्रको रूपमा नयाँ परिभाषा निर्माण गर्न, लिस्ट डेभलभ कन्ट्रीबाट ग्राजुएसन हुन र दिगो विकाससहित कृषि तथा उद्योगको पावरहाउस बन्दै पर्यटकहरूको गन्तव्य मुलुकको रूपमा नेपाललाई विकास गर्न बिआरआईले सहयोग पुग्ने पनि नेपालले विश्वास व्यक्त गरे।

अध्यक्ष नेपालले आगामी दिनमा बिआरआईअन्तर्गत प्रस्तावित परियोजनाहरूलाई मूर्त रूप दिन र थप परियोजनाहरू निर्माण गरी कार्यान्वयन गर्न चाहेको पनि प्रस्ट्याए। उनले नेपाल कुनै पनि देशबाट विभिन्न उद्देश्यका साथ आउने सैन्यसम्बन्धी सहयोग, छिमेकीविरुद्ध नेपाललाई प्रयोग गर्ने रणनीति र भू-राजनीतिक प्रतिस्पर्धाको विपक्षमा रहेकोसमेत स्पष्ट पारे। हालै नेपालमा गएको भूकम्पपछि चिनियाँ सरकार र कम्युनिस्ट पार्टीले नेपाललाई पुऱ्याएको सहयोगप्रति उनले आभार व्यक्त गरे।

Reliable Life INSURANCE LTD. ...Reliable Forever

रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड
Reliable Nepal Life Insurance Limited

प्रधान कार्यालय, ज्ञानेश्वर, काठमाडौं
फोन नं. ०१-४५२३६१८, ४५२३६३०, फ्याक्स नं. ०१-४५२३६५७
E-mail: info@reliablelife.com.np, Website : www.reliablelife.com.np

Quarterly Financial Results for First Quarter, F.Y. 2080/81 B.S

CONDENSED CONSOLIDATED STATEMENT OF FINANCIAL POSITION
(As on Aswin 30, 2080)

Fig in NPR.

Particulars	Unaudited At the end of this Quarter	Unaudited At the end of Immediate Previous Year
Assets:		
Goodwill & Intangible Assets	2,182,401	1,634,991
Property and Equipment	140,752,281	136,303,348
Investment Properties	-	-
Deferred Tax Assets	23,455,856	9,851,835
Investment in Subsidiaries	-	-
Investment in Associates	-	-
Investments	14,173,106,612	8,808,779,577
Loans	405,284,544	242,758,064
Reinsurance Assets	370,212	1,197,146
Current Tax Assets	269,188,541	194,547,924
Insurance Receivables	136,828,409	207,597,206
Other Assets	14,518,891	53,724,660
Other Financial Assets	156,016,902	151,193,777
Cash and Cash Equivalent	235,060,523	295,853,822
Total Assets	**15,556,765,171**	**10,103,442,351**
Equity:		
Share Capital	4,000,000,000	2,800,000,000
Share Application Money Pending Allotment	-	-
Share Premium	1,750,420,288	-
Catastrophe Reserves	130,885,220	97,625,474
Retained Earnings	1,134,798,720	846,262,891
Other Equity	20,432,952	46,435,622
Total Equity	**7,036,537,181**	**3,790,323,987**
Liabilities:		
Provisions	78,441,807	98,553,909
Gross Insurance Contract Liabilities	8,002,029,204	5,978,554,690
Deferred Tax Liabilities	-	-
Insurance Payable	21,351,446	672,004
Current Tax Liabilities	-	-
Borrowings	-	-
Other Liabilities	56,474,618	32,075,345
Other Financial Liabilities	361,930,915	203,262,417
Total Liabilities	**8,520,227,991**	**6,313,118,364**
Total Equity and Liabilities	**15,556,765,171**	**10,103,442,351**

CONDENSED CONSOLIDATED STATEMENT OF PROFIT OR LOSS
(For the Quarter ended Aswin 30, 2080)

Fig in NPR.

Particulars	Unaudited Current Year This Quarter	Unaudited Current Year Upto this Quarter (YTD)	Unaudited Corresponding Previous Year This Quarter	Unaudited Corresponding Previous Year Upto this Quarter (YTD)
Income:				
Gross Earned Premiums	1,015,147,187	1,015,147,187	893,179,114	893,179,114
Premiums Ceded	(81,560,902)	(81,560,902)	(40,193,060)	(40,193,060)
Net Earned Premiums	**933,586,286**	**933,586,286**	**852,986,054**	**852,986,054**
Commission Income				
Other Direct Income	2,325,038	2,325,038	1,006,991	1,006,991
Interest Income on Loan to Policyholders	2,776,368	2,776,368	840,647	840,647
Income from Investments and Loans	305,052,203	305,052,203	194,862,220	194,862,220
Net Gain/(Loss) on Fair Value Changes				
Net Realised Gains/(Losses)				
Other Income	4,622	4,622	-	-
Total Income	**1,243,744,516**	**1,243,744,516**	**1,049,695,912**	**1,049,695,912**
Expenses:				
Gross Benefits and Claims Paid	296,901,364	296,901,364	261,947,828	261,947,828
Claims Ceded	(53,535,532)	(53,535,532)	(111,683,712)	(111,683,712)
Gross Change in Contract Liabilities	605,028,011	605,028,011	461,947,404	461,947,404
Change in Contract Liabities Ceded to Reinsurers				
Net Benefits and Claims Paid	**848,393,843**	**848,393,843**	**612,211,520**	**612,211,520**
Commission Expenses	119,264,809	119,264,809	122,188,119	122,188,119
Service Fees	7,613,604	7,613,604	8,529,861	8,529,861
Other Direct expenses				
Employee Benefits Expenses	70,199,577	70,199,577	63,525,547	63,525,547
Depreciation and Amortization Expenses	3,137,160	3,137,160	2,901,789	2,901,789
Impairment Losses				
Other Operating Expenses	75,732,124	75,732,124	122,132,527	122,132,527
Finance Cost				
Total Expenses	**1,124,341,118**	**1,124,341,118**	**931,489,363**	**931,489,363**
Net Profit/(Loss) For The Year Before Share of Net Profits of Associates Accounted for Using Equity Method and Tax	119,403,399	119,403,399	118,206,549	118,206,549
Share of Net Profit of Associates accounted using Equity Method				
Profit Before Tax	**119,403,399**	**119,403,399**	**118,206,549**	**118,206,549**
Income Tax Expenses				
Net Profit/(Loss) For The Year	**119,403,399**	**119,403,399**	**118,206,549**	**118,206,549**
Earning Per Share				
Basic EPS	11.94	11.94	16.89	16.89
Diluted EPS	11.94	11.94	16.89	16.89

स्वर्गारोहण
वि.सं. २०८०/६/११

स्व. दिलकुमारी श्रेष्ठ

यस संघका भेग नं. ३१ को भेग प्रतिनिधि श्री प्रेमराज श्रेष्ठज्यूकी ममतामयी माता **दिलकुमारी श्रेष्ठको** स्वर्गारोहण भएको आज ४५औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुखद घडीमा ईश्वरले शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्रदान गरुन्।

नेपाल खुद्रा व्यापार संघ परिवार
टेकु, पचली

Dibyashwari Hydropower Ltd.
Old Baneshwor 34, Kathmandu

Unaudited Financial Report as on 3o Ashoj 2080

(Rs. '000')

Particular	This Quarter ending As at Ashoj 30, 2080	Previous Quarter ending As at Ashard 31, 2080	Corresponding Quarter ending as at Ashoj 31, 2079
Capital & Liabilities			
Share Capital	264000	264000	264000
Reserve Funds & Accumulated Profit	(259177)	(261065)	(222034)
Short Term Loan	54465	54465	54465
Long Term Loan	572127	577624	586203
Total	631415	635024	682634
Assets			
Fixed Assets			
Depreciable Value	955866	955866	955866
Depreciation	(196099)	(188254)	(164712)
Net Value	759767	767612	791154
Capital Work in Progress	-	-	-
Current Assets			
Sundry Debtors	22060	16560	22885
Cash & Bank	2830	1275	207
Advance & Deposit	10096	8209	7453
Total Assets	794753	793656	821699
Current Liabilities	(163338)	(158632)	(139065)
Net Assets	631415	635024	682634
Total	631415	635024	682634

Profit & Loss Account for the Period Ended 30 Ashoj, 2080 (Unaudited)

(Rs. '000')

Particular	This Quarter ending As at Ashoj 30, 2080	Previous Quarter ending As at Ashard 31, 2080	Corresponding Quarter ending as at Ashoj 31, 2079
Revenue from Power Sales	33193	86028	32105
Income from Other Source	497	100	100
Total Income	**33690**	**86128**	**32205**
Direct Expenses	(4144)	(4315)	(1619)
Gross Profit	**29546**	**81813**	**30586**
Staff Cost	(1356)	(6241)	(1326)
Other Operating & Admi. Expenses	(2097)	(5518)	(562)
Operating Profit Before Depreciation	26093	70054	28698
Depreciation Expenses	(7845)	(31389)	(7847)
Profit Before Interest & Tax	**18248**	**38665**	**20851**
Financial Cost	(18743)	(76909)	(20063)
Profit Before Income Tax	(495)	(38244)	738
Income Tax	-	-	-
Net Profit After Tax	**(495)**	**(38244)**	**738**
Profit up to Last Period	(258682)	(222821)	(222821)
Cumulative Profit	**(259177)**	**(261065)**	**(222034)**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली अनुसुचि-१४
(नियम २२ को उप नियम २ संग सम्बन्धित)

१. **वित्तिय विवरण :**
क. त्रैमासिक अवधिको संक्षिप्त वासलात र नाफा (नोक्सान) सम्बन्धि विवरणहरू यसैसाथ संलग्न गरिएको छ।
ख. प्रमुख वित्तिय सूचांकहरू निम्न बमोजिम रहेको छ।

प्रति शेयर आम्दानी रु. (EPS)	P/E Ratio	प्रतिशेयर नेटवर्थ (रु.)	प्रतिशेयर कुल सम्पतिको मुल्य	तरलता अनुपात	शेयर बजार मुल्य
(०.१९)	(१००८.९४)	१.८३	३०१.०४	०.२१	१९९.७०

२. **व्यवस्थापकिय विश्लेषण**
(क) कम्पनीको ठेकेदारहरूबाट Final bill र As Build Drawing अनुसारको Job Completion Report प्राप्त नभएकोले आयोजनाको कुल लागतमा केही थप घट हुन सक्ने देखिन्छ।
(ख) उक्त त्रैमासिक अवधिमा आयोजनाको आम्दानी र तरलतामा गत वर्षको सोही त्रैमासिक अवधिको भन्दा कम भएको छ। नेपाल विद्युत प्राधिकरणले ३३ के भि प्रसारण लाईनमा ०७८ भदौ देखी भोल्टेज व्यवस्थापन गरेकोले आयोजना द्वारा पूर्ण रुपमा उत्पादन भई आम्दानीमा वृद्धि भईरहेको छ। अन्य आयोजनाको व्यवसायिक योजना अनुरुप नै कार्यहरू हुदैछन।

३. **कानुनी कारवाही सम्बन्धी विवरण**
(क) यस कम्पनीका पूर्व कर्मचारीले पारिश्रमिक भुक्तानीको सम्बन्धमा चित नबुझी कम्पनी विरुद्ध श्री श्रम अदालत, काठमाण्डौमा दायर गर्नु भएको मुद्दा फैसला उपर चित नबुझी यस कम्पनीले श्री सर्वोच्च अदालतमा मुद्दा हालेकोमा हाल त्यो विचाराधीन रहेको छ।
(ख) यस आयोजनाको सिभिल निर्माण कार्यका ठेकेदारले डिजाईन नक्शा अनुरूप कार्य नगरी कम्पनीलाई क्षति पुगेकोले सम्झौता अनुसार हर्जाना भराई पाँउ भनी मुद्दा दायर भएको छ। हाल सो मुद्दा नेपाल मध्यस्था परिषद् (नेफ्का) मा विचाराधीन रहेको छ।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण**
(क) यस संगठित संस्थाको शेयर रजिष्टार श्री एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौमा रहेको छ। धितोपत्र बजारमा कम्पनीको शेयर कारोबार सामान्य रहेको छ। नेप्से अनुसार उक्त त्रैमासिक अवधिमा शेयर कारोबारको स्थिति यस प्रकार रहेको छ।

शेयरको अधिकतम मुल्य (रु.)	शेयरको न्युनतम मुल्य (रु.)	शेयरको अन्तिम मुल्य (रु.)	कारोबार भएको कुल दिन	कारोबार भएको संख्या
१९९.७०	१३५.४०	१४८.५०	६१	६,५१,०४५

५. **समस्या र चुनौतीहरू**
(क.) नदीमा जलको प्रवाहमा कमी भएकोले आयोजनाबाट हुने विद्युत उत्पादनमा हिउँद याममा असर परिरहेको छ।
(ख.) हालको बैंक ब्याज दर १९.१२ प्रतिशत छ। सो प्रतिशत अत्याधिक भएकोले बैंकको साँवा ब्याजको व्ययभार बहन गएको कारण साँवा तथा ब्याज नियमित हुन सकेको छैन। ब्याज दर घटाउनको लागी संचालक समीतीले सम्बन्धित निकायमा आवश्यक पहल गरिरहेको छ।

६. **संस्थागत सुशासन :**
(क.) कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई थप व्यवस्थित तथा चुस्त बनाउनुका साथै कर्मचारी व्यवस्थापनको लागी आन्तरिक कार्यविधि बनाई सोही अनुसार लागु गरिएकोछ। ऐन, विनियम बमोजिमका अन्य समिति तथा उपसमिति गठन गरी कार्यान्वयन गरिएकोछ।

७. **कार्यकारी अध्यक्षको उद्घोषण:**
यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी छु। साथै म यो उद्घोष गर्दछुकी मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य तथ्य र पूर्णतामा आधारित छन् भनि विश्वास लियको छु। लगानी कर्ताहरूलाई समुचित निर्णयलिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरू लुकाइएको छैन भन्ने कुरामा पनि म विश्वस्त छु। लगानीकर्ताहरूबाट हुने थप जानकारीहरूको प्रयासलाई सधै स्वागत योग्य कदम ठान्ने छु।

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार २५ कात्तिक ०८०

विदेशी मुद्रा सञ्चिति तीन वर्षयताकै उच्च

एकै महिनामा भित्रियो एक खर्ब ३६ अर्ब रुपैयाँ रेमिट्यान्स, मूल्यवृद्धि नियन्त्रण भने चुनौतीपूर्ण, निर्यात पनि घट्यो

पवन तिमिल्सिना/नयाँ पत्रिका

विदेशी विनिमय सञ्चिति तीन वर्षयताकै उच्चतम अंकमा पुगेको छ। चालू आर्थिक वर्षको पहिलो त्रैमासमा विदेशी विनिमय सञ्चिति १२ अर्ब ३३ करोड डलर (१६ खर्ब ४३ अर्ब रुपैयाँ) पुगेको छ।

आर्थिक वर्ष ०७७/७८ को पहिलो त्रैमासमा विदेशी मुद्रा सञ्चिति १२ अर्ब ५५ करोड अमेरिकी डलर (१४ खर्ब ७० अर्ब रुपैयाँ) पुगेको थियो। त्यसपछिका लगातार आर्थिक वर्षहरूको सो अवधिमा विदेशी मुद्रा सञ्चिति घट्दो क्रममा रह्यो। तर, चालू आर्थिक वर्षको पहिलो त्रैमासमा विदेशी विनिमय सञ्चिति तीन वर्षयताकै उच्च रहेको छ। अहिलेको सञ्चितिले १० महिना नौ दिनको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको राष्ट्र बैंकले जनाएको छ।

विदेशी विनिमय सञ्चिति सुविधाजनक स्थितिमा पुगेको समयमा हामीले पूर्वाधार निर्माण र भूकम्पपछिको पुनर्निर्माणमा सदुपयोग गर्नुपर्ने राष्ट्र बैंकका प्रवक्ता डा. गुणाकर भट्टले बताए। उनले भने, 'विनिमय सञ्चितिमा उल्लेख्य वृद्धि भएर सुविधाजनक स्थितिमा छ। यस्तो अवस्थामा पूर्वाधार निर्माण र भूकम्पपछिको पुनर्निर्माणलाई तीव्रता दिने हो भने यो सुविधाको सदुपयोग गर्न सकिन्छ।'

गत असार मसान्तसम्म विदेशी विनिमय सञ्चिति ११ अर्ब ७१ करोड डलर (१५ खर्ब ३९ अर्ब रुपैयाँ) पुगेको थियो।

■ बाह्य क्षेत्रमा सबै सूचक सकारात्मक

चालू आवको तीन महिनामा बाह्य क्षेत्रमा सबै सूचक सकारात्मक देखिएका छन्। विदेशी मुद्रा भित्रिने र बाहिरिनेबीचको अन्तर शोधनान्तर स्थितिमा ९९ अर्ब सात करोडले बचतमा पुगेको छ। पोहोर यही अवधिमा यस्तो स्थिति १२ अर्ब ४३ करोडले बचतमा थियो। लामो समय घाटामा रहेको चालू खाता क्रमशः बचतमा जान थालेको छ। तीन महिनामा यस्तो खाता ५९ अर्ब नौ करोडले बचतमा छ। पोहोर यो अवधिमा चालू खाता ३५ अर्ब २४ करोडले घाटामा थियो।

सबैभन्दा चिन्ताजनक अवस्थामा रहेको प्रत्यक्ष विदेशी लगानी पनि बढ्न थालेको छ। विदेशी लगानी भित्रिने र लाभांश वा रोयल्टीका रूपमा बाहिरिने रकमबीचको अन्तरलाई सूचित गर्ने खुद प्रत्यक्ष वैदेशिक लगानी तीन अर्ब ३७ करोड रुपैयाँले धनात्मक छ। पोहोर यो अवधिमा सात करोड ९६ लाख रुपैयाँले बचतमा थियो।

चाडबाडकेन्द्रित व्यापारले आयातमा समेत वृद्धि भएको छ। ०८०/८१ को तीन महिनामा कुल वस्तु आयात १.७ प्रतिशतले वृद्धि भई चार खर्ब सात अर्ब ७६ करोड रुपैयाँ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयातमा १६.२ प्रतिशतले कमी आएको थियो। तयारी पोसाक, एमएस तार, छड, बार तथा क्वाइल, रासायनिक मल, विद्युतीय उपकरण, लत्ताकपडालगायतका वस्तुको आयात बढेको छ भने कच्चा सोयाबिन तेल, कच्चा पाम तेल, पेट्रोलियम पदार्थ, सुन, एमएस बिलेटलगायतका वस्तुको आयात घटेको छ। तर, निर्यातमा भने सुधार हुन सकेको छैन।

पछिल्लो तीन महिनामा कुल वस्तु निर्यात २.३ प्रतिशतले कमी आई ४० अर्ब ८७ करोड कायम भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ३५.७ प्रतिशतले कमी आएको थियो।

■ मासिक रेमिट्यान्स एक खर्ब नाघ्दै

मासिक रूपमा भित्रिने रेमिट्यान्स आप्रवाह एक खर्ब रुपैयाँ नाघ्न थालेको छ। असोजमा मात्र एक खर्ब ३६ अर्ब रुपैयाँ रेमिट्यान्स भित्रिएको छ। गत साउनमा एक खर्ब १६ अर्ब रुपैयाँ रेमिट्यान्स आएको थियो भने भदौमा एक खर्ब १२ अर्ब ३५ करोड रुपैयाँ भित्रिएको थियो। तीन महिनाको अवधिमा तीन खर्ब ६५ अर्बको रेमिट्यान्स भित्रिएको छ। यो गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३० प्रतिशतले बढी हो।

■ चालू आर्थिक वर्षको पहिलो त्रैमासको वित्तीय स्थिति (अर्बमा)

सूचक	०७९/८०	०८०/८१
मुद्रास्फीति (प्रतिशतमा)	८.५	७.५
रेमिट्यान्स	२८१.०५	३६५.३४
शोधनान्तर स्थिति	१२.४३	९९.०७
चालू खाता	-३५.२४	५९.०९
विदेशी विनिमय सञ्चिति	१२४६.२२	१६४३.०९
सञ्चिति पर्याप्तता (महिनामा)	८.३	१०.३
भ्रमण आय	११.२४	१७.०२
खुद प्रत्यक्ष वैदेशिक लगानी	०.०७९६	३.३७

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

■ विदेशी मुद्रा सञ्चितिलाई सदुपयोग गर्नुपर्छ



● **डा. गुणाकर भट्ट**, प्रवक्ता, नेपाल राष्ट्र बैंक

अहिलेको सकारात्मक सूचक भनेको बाह्य क्षेत्रमा सुधार र कर्जा विस्तार हो। तर, मूल्यवृद्धि चुनौतीपूर्ण छ। रेमिट्यान्समा उत्साहजनक वृद्धि भएको छ। दुई वर्षमा धेरै मानिस नेपालबाहिर गएका छन्। अन्तर्राष्ट्रिय बजारमा श्रम शक्तिको माग बढ्दो छ। विनिमय सञ्चितिमा उल्लेख्य वृद्धि भएर सुविधाजनक स्थितिमा छ। यस्तो अवस्थामा पूर्वाधार निर्माण र भूकम्पपछिको पुनः निर्माणलाई तीव्रता दिने हो भने यो सुविधाको सदुपयोग गर्न सकिन्छ। ब्याजदर पनि क्रमशः घट्दै गइरहेकाले बजार चलायमान हुने अवस्था बन्दै गइरहेको छ।

पछिल्लो दुई वर्षमा धेरै मानिस श्रम अवसरको खोजीमा बिदेसिँदाको परिणाम अहिले रेमिट्यान्स बढेको प्रवक्ता भट्टको भनाइ छ। उनले भने, 'रेमिट्यान्समा उत्साहजनक वृद्धि भएको छ। दुई वर्षमा धेरै मानिस नेपाल बाहिर गएका छन्। अन्तर्राष्ट्रिय बजारमा श्रम शक्तिको माग बढ्दो छ। आगामी दिनमा पनि रेमिट्यान्स वृद्धि उत्साहजनक नै रहने अपेक्षा छ।'

बैंकका अनुसार वैदेशिक रोजगारीका लागि संस्थागत तथा व्यक्तिगत रूपमा अन्तिम श्रम स्वीकृति लिने नेपालीको संख्या एक लाख १३ हजार तीन सय ९७ र पुनः श्रम स्वीकृति लिनेको संख्या ४९ हजार दुई सय ९७ पुगेको छ।

■ पर्यटनमा सुखद सन्देश

केन्द्रीय बैंकको तीन महिनाको तथ्यांकबाट पर्यटन क्षेत्रमा सुखद सन्देश प्रवाह भएको छ। सेवा खाताअन्तर्गतको भ्रमण आय ५१.३ प्रतिशतले बढेर १७ अर्ब दुई करोड रुपैयाँ पुगेको छ। अघिल्लो वर्ष यस्तो आय ११ अर्ब २४ करोड रुपैयाँ पुगेको थियो। तर, नेपालीले विदेश भ्रमणमा गएर हुने खर्च भने बढेको छ। यस्तो खर्च ७६.१ प्रतिशतले बढेर ५१ अर्ब ८० करोड रुपैयाँ पुगेको छ। जसमा शिक्षार्तर्फ मात्रै ३२ अर्ब ९२ करोड रुपैयाँ खर्च भएको केन्द्रीय बैंकको तथ्यांकले देखाएको छ।

■ मूल्यवृद्धि चुनौतीपूर्ण

बाह्य क्षेत्र र कर्जा विस्तारमा सुधार आए पनि मूल्यवृद्धि नियन्त्रण भने चुनौतीपूर्ण नै रहेको राष्ट्र बैंकका प्रवक्ता डा. भट्टले बताए। केन्द्रीय बैंकका अनुसार असोज महिनामा उपभोक्ता मुद्रास्फीति ७.५० प्रतिशत छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ८.५० प्रतिशत थियो। पोहोरभन्दा मुद्रास्फीति घटेको भए पनि उपभोक्ताका लागि भने असह्य अवस्था हो।

चाडपर्वमा चिनी, खाद्यान्नजस्ता आवश्यक वस्तुको आपूर्ति शृंखलामा आएको अवरोधले मुद्रास्फीति नियन्त्रण चुनौतीपूर्ण रहेको डा. भट्टको भनाइ छ। उनले भने, 'आपूर्ति शृंखलाको व्यवस्थापन र बजार नियमनलाई सुदृढ बनाएर लैजानुपर्ने हुन्छ। अहिलेको मूल्यवृद्धि माग पक्षबाट नभई आपूर्ति पक्षबाट सिर्जित हो। आवश्यक वस्तुको कृत्रिम अभाव सिर्जना भइरहेका घटनाहरू बाहिर आइरहेका छन्। यसमा नियमन गर्न सकियो भने मूल्यवृद्धि पनि नियन्त्रण गर्न सकिन्छ।' असोजमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ८.३८ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ६.८१ प्रतिशत रहेको केन्द्रीय बैंकले जानकारी दिएको छ।

नयाँ स्टक एक्सचेन्ज प्रक्रिया अघि बढाउन अर्थ समितिको निर्देशन



काठमाडौं/ नयाँ स्टक एक्सचेन्जको पत्रिया अघि बढाउन अर्थ समितिले निर्देशन दिएको छ। शुक्रबार बसेको अर्थ समितिको बैठकले रोकिएको स्टक एक्सचेन्जको पत्रियालाई अघि बढाउन निर्देशन दिएको हो।

यसअघि नयाँ स्टक एक्सचेन्जको प्रक्रिया गत वैशाखमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को निर्देशनमा अन्तिम समयमा रोकिएको थियो। अर्थ समितिका सभापति सन्तोष चालिसेले विभिन्न तहबाट धेरैपटक गरी भएको छलफलले यसलाई रोकेर राख्नुको अर्थ नभएकाले सबै सांसदहरूको सहमतिमा निर्देशन दिएको बताए।

समितिले उक्त निर्देशन दिएसँगै सांसद स्वर्णिम वाग्लेले नयाँ स्टक एक्सचेन्जलाई अघि बढाउनै नहुने भन्दै (नोट अफ डिसेन्ट) आपत्ति जनाएका छन्। उनले यसअघि पुराना समितिले गरेको अध्ययनको भारी अहिलेको समितिले नबोक्ने र थप स्टक आवश्यक छ वा छैन भनेर पुनः अध्ययन गर्नुपर्ने बताए। उनले भने, 'नयाँ स्टक एक्सचेन्जमा शंका गर्ने ठाउँमा छ, हिजो गरेको अध्ययनले आज फेरि आवश्यकता छ भन्नु गलत हो।'

संसद्मा नयाँ स्टक एक्सचेन्जको विषयमा सांसदहरूले नीतिगत भ्रष्टाचार भएको भन्दै प्रश्न उठाएका थिए। तीव्र विवादित बनेपछि प्रधामन्त्रीको निर्देशनमा रोकिएको थियो। बोर्डमा नयाँ स्टक एक्सचेन्ज सञ्चालनका लागि हिमालयन स्टक एक्सचेन्ज, नेसनल स्टक एक्सचेन्ज र अन्नपूर्ण स्टक एक्सचेन्जको आवेदन परेको थियो।

अघिल्लो वर्ष असारमा गैरकानुनी रूपमा स्टकको लाइसेन्स बाँड्न लागिएको भन्दै सर्वोच्च अदालतमा मुद्दा परेको थियो। सर्वोच्च अदालतका न्यायाधीश अनिलकुमार सिन्हा र सुष्मालता माथेमाको इजलासले स्टक एक्सचेन्ज खोल्ने बाटो खुला गरिदिएसँगै प्रक्रिया अगाडि बढेको थियो।

अन्नपूर्ण केबलकारको टप स्टेसनमा पञ्चमुखी गणेशको प्रतिमा



नयाँ पत्रिका

पोखराको अन्नपूर्ण केबलकार लिमिटेडले टप स्टेसन (सराङकोट)मा ४८ फिट अग्लो पञ्चमुखी गणेशको प्रतिमा निर्माण गरेको छ। आगामी शिवरात्रिका दिन अनावरण गर्ने योजनासहित गणेशको प्रतिमा निर्माण गरिएको हो।

केबलकारका अध्यक्ष कालु गुरुङले अन्नपूर्ण केबलकारमा दुई अर्बभन्दा बढी लगानी भएको बताए। केबलकारमा सर्वसाधारणलाई समेत स्टेकहोल्डर बनाउन छिट्टै ३१ लाख कित्ता आइपिओ निष्कासन गर्ने तयारी गरिरहेको जनाइएको छ। अहिले केबलकारको चुक्ता पुँजी एक अर्ब २४ करोड रहेको छ, आइपिओ बिक्री गरेपश्चात् पुँजी बढेर एक अर्ब ५५ करोड रुपैयाँ पुग्नेछ। तिहारलगतै आइपिओ निष्कासनका लागि धितोपत्र बोर्डमा आवेदन दिने कम्पनीको तयारी छ।

केबलकारले बुधबार काठमाडौंमा 'पार्टनर्स मिट-२०२३' आयोजना गरेर परियोजनाका बारेमा विस्तृत जानकारी गराएको हो। आफ्ना पार्टनरसँगको सम्बन्ध थप मजबुत बनाउँदै नयाँ पार्टनरलाई पोखरासहित देशको पर्यटन सुदृढ बनाउन सहकार्यका लागि आमन्त्रण गर्ने जमर्कोसहित कार्यक्रम गरिएको आयोजकले जनाएका छन्।

अन्नपूर्ण केबलकार ६ फागुन ०७८ देखि सञ्चालनमा आएको हो। दुईवटा स्टेसन रहेको २.२ किलोमिटर लामो केबलकारले सेतीबगरदेखि सराङकोटलाई जोड्छ, जहाँ १७ वटा गोन्डोला रहेका छन्। यी गोन्डोलाले प्रतिघन्टा पाँच सयजनालाई सेवा दिने क्षमता राख्छन्। केबलकारले साइक्लिङ, जिपलाइन, बन्जी, स्विङ, रक क्लाइम्बिङ, क्यानोनिङ्लगायतका रोमाञ्चक खेलबाट मनोरञ्जन दिलाउँदै आएको छ। यस्तै, कफी सप, रेस्टुराँ, बार, एम्युजमेन्ट सेन्टर, भर्चुअल गेमिङ सेन्टरलगायतका सुविधा केबलकारको टप तथा बटम स्टेसनमा उपलब्ध गराउने उद्देश्य लिएको छ।

Sanjen Jalavidhyut Company Limited
Kapanmarga, Kathmandu

Unaudited Statement of Financial Position
As on 30th Ashoj 2080 (Corresponding to 17th October 2023)

('000')

Particulars	1st Quarter 2080.06.30 (17.10.2023)	Previous Quarter 2080.03.31 (2023.07.16)	Corresponding Previous Year Quarter Ending 2079.06.31 (2022.10.17)
ASSETS			
Non-Current Assets			
Property Plant and Equipment	844.48	1,296.85	4,932.38
Project Capital Work in Progress	11,926,195.04	11,568,689.83	10,120,465.31
Term Deposit			
Total Non-Current Assets	**11,927,039.52**	**11,569,986.68**	**10,125,397.69**
Current Assets			
Inventory	3,726.12	29,048.28	9,407.12
Financial Assets:			
Advances to Contractors and Consultants	75,703.70	78,061.57	47,360.33
Deposits and Margin	3,400.00	2,587.83	6,359.83
Prepayments	137.99	209.52	147.83
Current Tax Assets	13,988.79	13,933.96	12,247.34
Term Deposits with Banks	270.00	270.00	270.00
Other Advance	29,313.45	25,936.56	8,257.76
Bank Balances Call and Current	38,118.40	8,678.80	13,534.56
Total Current Assets	**164,658.45**	**158,726.52**	**97,584.77**
TOTAL ASSETS	**12,091,697.97**	**11,728,713.20**	**10,222,982.46**
EQUITY AND LIABILITIES			
Equity			
Equity Share Capital	3,650,000.00	3,650,000.00	3,285,000.00
Reserve & Surplus	(255,323.78)	(239,154.47)	(228,036.94)
Total Equity	**3,394,676.22**	**3,410,845.53**	**3,056,963.06**
Liabilities			
Non-Current Liabilities			
Financial Liabilities:			
Borrowings(Long Term –EPF)	8,133,946.32	7,682,659.71	6,686,596.94
Other Non-current Liabilities	255,086.85	245,633.10	283,185.88
Total Non-Current Liabilities	**8,389,033.17**	**7,928,292.81**	**6,969,782.82**
Current Liabilities			
Borrowings(Short Term)	240,000.00	240,000.00	141,158.37
Provisions	10,495.27	10,575.93	7,281.45
Other Liabilities and Payables	57,493.31	138,998.93	47,796.76
Total Current Liabilities	**307,988.58**	**389,574.86**	**196,236.58**
TOTAL EQUITY AND LIABILITIES	**12,091,697.97**	**11,728,713.20**	**10,222,982.46**

Unaudited Statement of Profit or Loss
From 1ST Shrawan 2080 to 30st Ashoj 2080 (Corresponding to 17'th October 2023)

('000')

Particulars	This Quarter Ending 2080.81 Upto Ashoj (2022/023)	Previous Quarter Ending 2079.80 Upto Ashad (2022/023)	Corresponding Previous Year Quarter Ending 2079.080 Upto Asjoj (2021/022)
Revenue from Contract with Customers			15.00
Cost Of Sales			
Generation Expenses			
Distribution Expenses			
Gross Profit		-	15.00
Depreciation and Amortization	(506)	(5,126)	(1,293)
Other income	522	1,012	0
Operating and Administrative Expenses	(5,652)	(14,165)	(3,916)
Employee Benefits	(5,198)	(18,105)	(5,170)
Profit From Operation	**(10,834)**	**(36,384)**	**(10,379)**
Finance income	366	11,443	
Impairments and Write-Offs			
Exchange Gain / (loss)	(5,700)	8,141	(3,926)
Profit Before Tax	**(16,168)**	**(16,800)**	**(14,290)**
Income Taxes			
Net Profit	**(16,168)**	**(16,800)**	**(14,290)**

अनुसूची-१४
धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम ३६ को उपनियम (१) अनुसूची-१४ अनुसार कम्पनीको आ.व.२०८०।८१ को प्रथम त्रैमासिक प्रतिवेदन ।

१. वित्तिय विवरण :
(क)त्रैमासिक अवधिको संक्षिप्त वासलात र नाफा/(नोक्सान) सम्वन्धी विवरणहरु यसै साथ संलग्न गरिएको छ ।
(ख) प्रमुख वित्तिय सूचकहरु :
सामान्य ब्याज आम्दानी बाहेक अन्य आम्दानी नभएकोले प्रतिशेयर आम्दानी नकारात्मक रहेको ।
यस त्रैमासिक अवधिमा प्रतिशेयर आम्दानी रू -१.७७, प्रतिशेयर नेटवर्थ रू ९३ र प्रतिशेयर कुल सम्पतिको मुल्य रू ३३१.२८ रहेको छ ।

२. व्यवस्थापकीय विश्लेषण:
(क) यस कम्पनी अन्तर्गत रसुवा जिल्लाको आमाछोदीङ्गमो गाउँपालिकाको चिलिमे र गोल्जुङ गा.वि.स. मा विकास गरिएको १४.८ मे.वा. क्षमताको सान्जेन (माथिल्लो) जलविद्युत आयोजनाबाट विद्युत उत्पादन भै नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय प्रशारण प्रणालिमा जोडिसकिएको छ । मिति २०८० असोज २१ देखि वैकल्पिक प्रशारणलाइनबाट नेपाल विद्युत प्राधिकरणलाई विद्युत विकी शुरू गरिएको छ ।
सान्जेन जलविद्युत आयोजनाको निर्माण कार्य करिव अन्तिम चरणमा रहेको र आगामी पौषमसान्तसम्ममा विद्युत उत्पादन गरिने लक्ष्य राखिएको छ ।
दिर्घकालीन ऋणपूँजी कर्मचारी सञ्चय कोषबाट लगानी भईरहेको छ । उक्त कर्जाको वार्षिक व्याज दर १०.५० प्रतिशत रहेको छ । दिर्घकालिन कर्जाको व्याज प्रत्येक तीन/तीन महिनामा पूँजीकरण गर्ने गरिएको छ । आयोजनाहरु सञ्चालनमा नआउँदासम्म व्याज पूँजीकरण हुदै जाने छ । कर्मचारी सञ्चय कोषसंग पूरक ऋण सम्झौता हुन केही समय लाग्ने देखिएकोले श्री चिलिमे जलविद्युत कम्पनी लि.बाट रू. २४ करोड अल्पकालिन सापटी स्वरूप लिई वित्त व्यवस्थापन गरिएको छ जसको लेखांकन अल्पकालिन ऋण अन्तर्गत वासलातमा देखाइएको छ ।
हालसम्मको अवस्था र कार्यप्रगतिको आधारमा कम्पनी अन्तर्गतका निर्माणाधिन जलविद्युत आयोजना मध्ये सान्जेन जलविद्युत आयोजना आगामी २०८० पुषमसान्तसम्ममा सम्पन्न भई सञ्चालनमा आउने अनुमान रहेको छ ।
विगतमा झेल्नु परेको विभिन्न प्राकृतिक प्रकोप लगायत घटनाहरू भुकम्प, वाढीपहिरो, नेपाल भारत सीमा अवरोध, विभिन्न सरकारी तथा अर्धसरकारी निकायबाट पाउनुपर्ने स्वीकृतमा ढिलाइ, ठेकेदारको कार्यसम्पादनमा ढिलाइ कोभिड-१९ लगायत विविध कारणले गर्दा आयोजना सम्पन्न हुने मिति लम्बिदै गएको छ ।
सान्जेन जलविद्युत आयोजना (४२.५ मे वा) को सवै उपकरण निर्माणस्थलमा आपूर्ति भै जडान कार्य द्रुत गतिमा भइरहेको छ।
उल्लेखित जलविद्युत आयोजनाहरूबाट वार्षिक ३२ करोड ४३ लाख ५ हजार यूनिट विद्युत शक्ति उत्पादन गरी विद्युत खरिद-विक्री सम्झौता अनुसार नेपाल विद्युत प्राधिकरणलाई विक्री गरिने छ । यसरी प्राप्त आयलाई विद्युत केन्द्रको सञ्चालन तथा अन्य प्रशासनिक खर्चहरूको व्यवस्थापन गर्न, आयोजना निर्माण अवधिको व्याज सहितको कर्जा भुक्तानी गर्न, सञ्चालनको अवधिमा हुने व्याज तथा साँवा भुक्तानि गर्न, सेयरधनीलाई प्रतिफल दिन र नयाँ आयोजनाहरुको अध्ययन तथा विकास गर्नमा खर्च गर्दै जाने योजना रहेको छ । निर्माणमा रहेका सान्जेन जलविद्युत आयोजना अन्तिम चरणमा रहेको हुँदा नयाँ आयोजना पहिचानको कार्य समेत अगाडि वढाइएको छ ।
(ख) कम्पनीको नगद प्रवाहमा प्रतिकूल असर पर्ने खालको घटना र अवस्था देखिएको छैन । तर मानवीय नियन्त्रण भन्दा वाहिरको दैवि प्रकोप (कावु वाहिर) को असर भने सधै रहिरहने ।
(ग) सान्जेन जलविद्युत आयोजनाको निर्माण अवधिको व्याज वाहेकको शुरू लागत अनुमान रू. ५ अर्व २ करोड ४२ लाख र सान्जेन (माथिल्लो) जलविद्युत आयोजनाको रू. २ अर्व २१ करोड ८० लाख गरी कुल रू. ७ अर्व २४ करोड २२ लाख (वैशाख २०६८ को आधारमा) हुने अनुमान रहेको थियो । विविध कारणले आयोजनाको निर्माण अवधि लम्बिदै जाँदा निर्माण अवधिको व्याज, विदेशी मुद्राको सटही दरमा भएको वृद्धि, प्रशासनिक खर्च, परामर्शदाताको खर्च, मूल्य समायोजन, जस्ता कारणबाट आयोजना लागत पनि सोही अनुसार वृद्धि हुन गएको छ ।
(घ) यस त्रैमासिकको समिक्षा अवधिमा कम्पनीको जिन्सी मौज्दात शिर्षकमा वृद्वि भएको छ । सान्जेन (माथिल्लो) जलविद्युत आयोजनाबाट उत्पादित विद्युत शक्ति आपूर्ति गर्ने प्रयोजनका लागि निर्माणाधिन बैकल्पिक ११ के.भि.ए.डवल सर्किट लाइनका लागि ने.वि.प्रा. बाट आपूर्ति गरिएका विद्युतका पोलहरूलाई मौज्दातमा राखिएकोमा यस अवधिमा मौज्दातलाइ खर्च लेखांकन गरिएकोले मौज्दात रकम उल्लेखनीयरूपमा घट्न गएको छ ।
(ङ) अन्य दायित्व अर्न्तगत आ व को अन्त्यमा ठेकेदारलाइ भुक्तानी गर्नुपर्ने भनी एकिन भएका रकम समावेश भएकोमा यस अवधिमा सो रकम मध्ये केहि दायित्व रकम भुक्तानी भएकोले अधिल्लो त्रैमासिकको तुलनामा घट्न हुन गएको छ ।

३. कानुनी कारवाही सम्वन्धी विवरण :
यस सम्बन्धमा कुनै कैफियत नभएको ।

४. संगठित संस्थाको सेयर कारोवार सम्वन्धी विश्लेषण :
(क) सेयरको वजार मूल्यमा असाधारण तरिकाले थप/घट हुने गरी कम्पनी व्यवस्थापनद्वारा कुनै कार्यहरु गरिएको छैन । धितोपत्र बजारमा यस कम्पनिको शेयर कारोबार सामान्य प्रकृतिबाटै भईरहेको छ ।
(ख) त्रैमासिक अवधिको सेयर कारोवार सम्वन्धी विवरण : (श्रोतः नेप्सेको आधिकारिक वेभसाईट)

सेयरको अधिकतम् मूल्य (रू.)	सेयरको न्यूनतम् मूल्य (रू.)	सेयरको अन्तिम मूल्य (रू.)	कारोवार भएको कुल दिन	कारोवार संख्या
३२०/-	२४१/-	२४३/-	६१	५५८९

५. समस्या र चुनौती :
सान्जेन तथा सान्जेन (माथिल्लो) जलविद्युत आयोजनाबाट उत्पादित विद्युत शक्तिलाइ नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय प्रशारण प्रणालिमा जोडि व्यवसायीक रूपमा विद्युत विकी गर्नु कम्पनीको लागि मुख्य चुनौति देखिएको छ ।

६. संस्थागत सुशासन :
कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आर्थिक प्रशासन विनियमावली र कर्मचारी व्यवस्थापनको लागि कर्मचारी सेवा शर्त विनियमावली लगायतका नियम र विनियमावलीहरु सञ्चालक समितिबाट स्वीकृत गराई लागू गरिएको । कम्पनी ऐन, २०६३ को प्रावधान बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ । त्यस्तै गरी पदपूर्ति समिति, आयोजना कार्यान्वयन अनुगमन उप-समिति, शेयर निष्काशन तथा व्यवस्थापन उप-समिति तथा आवश्यकता अनुसार अन्य उप-समितिहरुको गठन गर्ने गरिएको । आयोजनाको विस्तृत डिजाइन र निर्माण सुपरभिजनको लागि छुट्टै परामर्शदाताको नियुक्ति गरिएको । प्रचलित ऐन कानुनको पालना हुने गरी महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षक नियुक्तीको लागि परामर्श माग गरी तहाँबाट सिफारिस भए बमोजिम लेखापरीक्षक नियुक्त गरी वार्षिक रूपमा लेखापरीक्षण सम्पन्न गर्ने गरिएको । साथै कम्पनी ऐन २०६३ बमोजिम तोकिएको समय भित्र साधारण सभा गर्ने गरिएको । कम्पनीको सम्पूर्ण शेयर निष्काशन नहुन्जेल सम्मकोलागि संस्थापक शेयरधनी संस्थाबाट सञ्चालक मनोनित भएपछि मात्र सञ्चालक समितिले पूर्णता पाउने छ । सञ्चालकहरू आ-आफ्नो क्षेत्रमा लामो समय अनुभवी रहेकाहरू नियुक्त भई आएको अवस्था रहेको । कम्पनिको आर्थिक प्रशासन विनियमावलीमा व्यवस्था भए बमोजिम आन्तरिक लेखापरीक्षणको व्यवस्था गरिएको ।

७. प्रमुख कार्यकारी अधिकृतको उद्घोषणः
यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्वन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्णतामा आधारित छन् भनी विश्वास लिएको छु । लगानीकर्ताहरुलाई समुचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरु लुकाइएको छैन भन्ने कुरामा पनि म विश्वस्त छु । थप जानकारी आवश्यकता महशुस गरी कम्पनीमा सम्पर्क राख्न आउने लगानीकर्ताहरुको प्रयासलाई सधै स्वागतयोग्य कदम ठान्ने छु ।

एकदिवसीय विश्वकपका रेकर्ड

भारतमा चलिरहेको आइसिसी एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा तीन राष्ट्र पुगिसकेका छन् । आयोजक भारत, दक्षिण अफ्रिका र अस्ट्रेलियाले अन्तिम चारको स्थान पक्का गरे । अब न्युजिल्यान्ड र पाकिस्तानमध्ये एक अन्तिम चारमा पुग्नेछ । दक्षिण अफ्रिकासँगको हारले अफगानिस्तानको सेमिफाइनल पुग्ने आशा समाप्त भयो । विश्वकपमा लिग चरणका नौ खेल लगभग समाप्तितर्फ अग्रसर भइरहेको छ । अहिलेसम्म भारत मात्र अपराजित टोलीका रूपमा रहेको छ । यसपटक पूर्वअनुमान गरेका खेलाडीले आशा गरेजस्तो प्रदर्शन गर्न सकेनन् । केहीले भने विश्वकपको डेब्युमै उत्कृष्ट प्रदर्शन गरेका छन् । विश्वकपको ४२औँ खेलसम्म खेलाडीहरूले गरेका प्रदर्शन यस्ता छन् :

चार शतक जोडेका डी कोक



दक्षिण अफ्रिका विश्वकपको सेमिफाइनल पुग्नुको पछाडि ओपनर क्विन्टन डी कोकको योगदान धेरै मान्नुपर्छ । सम्भवतः करिअरकै उत्कृष्ट फर्ममा रहेका डी कोकले चालू विश्वकपमा सर्वाधिक चार शतक लगाएका छन् । भारतसँगको खेलमा केवल पाँच रनमा पेभेलियन फर्केका उनले त्यसपछि लगातारजसो खेलमा टोलीको जितमा महत्त्वपूर्ण योगदान दिए । उनले न्युजिल्यान्डविरुद्ध एक सय १४, बंगलादेशविरुद्ध एक सय ७४, अस्ट्रेलियाविरुद्ध एक सय नौ र श्रीलंकासँगको खेलमा सय रन जोडेका थिए । यसैगरी, उनले न्युजिल्यान्डसँगको प्रतिस्पर्धामा नटआउट ८४ रन बनाए । चालू विश्वकपमा समग्र सर्वाधिक रन बनाउने खेलाडीको सूचीमा उनी शीर्ष स्थानमा छन् । उनले नौ खेलमा ७३.७५ को औसतमा पाँच सय ९० रन बटुले । लिग चरणको अन्तिम खेलमा उनले अफगानिस्तानविरुद्ध ४१ रन बनाए । विकेटकिपरसमेत रहेका उनले अहिलेसम्म १३ क्याच लिएका छन् ।

सर्वाधिक विकेट लिने मदुशंका



सन् १९९६ को विजेता श्रीलंकाले भारतमा चलिरहेको प्रतियोगितामा राम्रो प्रदर्शन गर्न सकेन । पूरै नौ खेलमा श्रीलंकाले केवल चार अंक मात्र बटुल्यो । विश्वकपमा श्रीलंकाले दुई जित र सात हारको सामना गऱ्यो । यद्यपि, टोलीको प्रदर्शन खराब रहे पनि बलर मदुशंकाले उत्कृष्ट प्रदर्शन गरेका छन् । उनले प्रतियोगितामै सर्वाधिक २१ विकेट लिएका छन् । सेमिफाइनल दौडबाट बाहिरिसकेको श्रीलंकाका लागि उनले प्रत्येक खेलमा जित दिलाउन निकै कोसिस गरेका थिए । उनले नौ खेलमा २५ को औसतमा बलिङ गरेका छन् । उनको रेकर्ड अस्ट्रेलियाका स्पिनर एडम जाम्पाले तोड्न सक्छन् । जाम्पाले आठ खेलमा २० विकेट हात पारेका छन् । मदुशंकाले भारतविरुद्धको खेलमा ८० रन खर्चेर पाँच विकेट लिए ।

उत्कृष्ट ब्याटिङ स्ट्राइक रेसको नाममा



एकदिवसीय विश्वकपकै साबिक विजेता इंग्ल्यान्डले अहिलेसम्मकै खराब प्रदर्शन गऱ्यो । उपाधि रक्षा गर्न भारत आएको इंग्ल्यान्डले लिग चरणका सबै खेल खेल्दा केवल दुई जित मात्र निकाल्यो । इंग्ल्यान्डले लगातार चार हारपछि जित हात पाऱ्यो । तर, इंग्ल्यान्डका रेस टोप्लेले प्रतियोगितामा उत्कृष्ट ब्याटिङ स्ट्राइक रेटमा ब्याटिङ गरेका थिए । उनले केवल दुई इनिङमा १७७.७ को स्ट्राइकमा खेले । त्यसपछि इंग्ल्यान्डकै गुस अकिन्सले १६८.१८ का आधारमा दोस्रो स्थानमा छन् । अफगानिस्तानसँगको प्रतिस्पर्धामा दुई सय एक रन जोडेका अस्ट्रेलियाका ग्लेन म्याक्सवेल तेस्रो स्थानमा छन् । उनले सात इनिङ्समा १५२.६९ को स्ट्राइक रेटमा ब्याटिङ गरेका छन् । अस्ट्रेलिया सेमिफाइनल पुगेको अवस्थामा म्याक्सवेलले आफ्नो स्ट्राइक रेट बढाउन सक्छन् ।

व्यक्तिगत उच्च स्कोरमा ग्लेन म्याक्सवेल



अस्ट्रेलिया र अफगानिस्तानबीचको खेल कसैले पनि भुल्न सक्दैनन् । त्यसवेला एक ब्याट्सम्यान 'वान म्यान आर्मी'का रूपमा उभिए । अस्ट्रेलिया निकै नाजुक अवस्थामा पुगिसक्दा पनि उनै ब्याट्सम्यान म्याक्सवेलले असम्भव जित दिलाए । इनिङ्सको एक समय ९१-७ को स्थितिमा रहेको अस्ट्रेलियाले अफगानिस्तानमाथि अविश्वसनीय जित निकाल्दा म्याक्सवेल एक्लैले दुई सय एक रनको दोहोरो शतकीय इनिङ्स खेले । चोटका कारण क्रिजमा राम्रोसँग उभिन नसक्ने स्थितिमा समेत उनले अस्ट्रेलियालाई जित मात्र दिलाएनन्, सेमिफाइनलको स्थानसमेत पक्का गराए । विश्वकपमा दक्षिण अफ्रिकाका क्विन्टन डी कोकले म्याक्सवेलपछि एक सय ७४ रनको व्यक्तिगत स्कोर गरेका छन् । चालू विश्वकपमा न्युजिल्यान्डका डेभोन कोन्वेले एक सय ५२ रन र इंग्ल्यान्डका डेविड मालानले एक सय ४० रन एक खेलमा बनाएका थिए ।

डेब्युमै सर्वाधिक रन जोडेका रवीन्द्र



विश्वकप खेल्न पाउनु नै एक खेलाडीलाई ठूलो अवसर हो । अझ त्यस पनि डेब्यु विश्वकपमै उत्कृष्ट प्रदर्शनका साथ टोलीको जितमा योगदान दिन पाउँदा त्योभन्दा खुसीको क्षण अर्को के हुन सक्छ ? यस्तै अविश्वमरणीय प्रदर्शन न्युजिल्यान्डका रचिन रवीन्द्राले गरेका छन् । उनको यो डेब्यु विश्वकप हो । उनले डेब्यु विश्वकपमै व्यक्तिगत रूपमा धेरै रन बनाउने कीर्तिमान आफ्नो नाममा लेखाएका छन् । उनले नौ खेलमा पाँच सय ६५ रन जोडेका छन् । यसअघि इंग्ल्यान्डका जोनी बेरेस्टोले सन् २०१९ मा पाँच सय ३२ रन बनाएका थिए । रवीन्द्रा चालू विश्वकपकै दोस्रो व्यक्तिगत सर्वाधिक रन बनाउने खेलाडीसमेत हुन् । उनले नौ खेलमा एक नटआउट रही तीन शतक तथा दुई अर्धशतकीय इनिङ खेले । उनको ब्याटिङ औसत ७०.७२ रहेको छ ।

सर्वाधिक अर्धशतक प्रहार गरेका विराट कोहली



तेस्रोपटक विश्वकप जित्ने लक्ष्यका साथ भारत अगाडि बढिरहेको छ । भारतले अहिलेसम्म कुनै पनि खेल गुमाएको छैन । भारतका लागि पूर्वकप्तान विराट कोहली गज्जबकै फर्ममा खेलिरहेका छन् । उनले दुई शतकीय इनिङ्स खेलिसकेका छन् । चालू विश्वकपमा उनले चार अर्धशतक जोडेका छन् । चालू विश्वकपमा धेरै अर्धशतकीय इनिङ्स खेल्नेको सूचीमा उनी शीर्ष स्थानमा छन् । आठ खेलमा उनले तीनपटक नटआउट रही पाँच सय ४३ रन जोडेका छन् । विश्वकपमै उनले एकदिवसीय क्रिकेटमा सचिन तेन्दुलकरको नाममा रहेको ४९औँ विश्वकीर्तिमानी शतक बराबरी गरेका छन् । विराटसमक्ष सचिनको नाममा रहेको रेकर्ड तोड्ने अवसर छ । भारतमा चलिरहेको विश्वकपमा न्युजिल्यान्डका सचिन रवीन्द्राले धेरै अर्धशतक बनाउने सूचीको दोस्रो स्थानमा छन् । दुई शतकसहित उनले ६ पटक ५० रनमाथिको प्रदर्शन गरेका छन् ।

सात ब्याट्सम्यान शून्यमा आउट



विश्वकपमा खेलाडीहरूले व्यक्तिगत रेकर्ड बनाइरहँदा कसैले भने खराब प्रदर्शन गरिरहेका छन् । एक ब्याट्सम्यानलाई डकआउट हुनु सबभन्दा खराब प्रदर्शनका रूपमा लिने गरिन्छ । यसैक्रममा यसपटक सात ब्याट्सम्यान समान दुईपटक डकआउट भएका छन् । अफगानिस्तानका नभिन उल हक, श्रीलंकाका महिश थिक्षण, नेदरल्यान्ड्सका भान डेर, नेदरल्यान्ड्सका भान मिकेरेन, बंगलादेशका हुसेन सान्टो, श्रीलंका निसांका र नेदरल्यान्ड्सकै एडवाड्स दुई-दुईपटक शून्य रनमा आउट भए । श्रीलंकाका निसांका दुईपटक डक आउट भए पनि उनले चार खेलमा अर्धशतकीय इनिङ्स खेलेका छन् । उनले नौ खेलमा तीन सय ३२ रन जोडेका छन् ।

धेरै छक्का प्रहार गर्ने दुई ब्याट्सम्यान



विश्वकपमा दुई ब्याट्सम्यानले समान धेरै छक्का प्रहार गरेका छन् । भारतका कप्तान रोहित शर्मा र अस्ट्रेलियाका ग्लेन म्याक्सवेलले समान २२ छक्का हिर्काएका छन् । म्याक्सवेलले सात खेलमा दुई सय ६० बल सामना गरेका छन् । भारतका रोहितले चार सय ४२ बल खेलेका छन् । म्याक्सवेलले समग्रमा ४० चौकाको सहयोगमा तीन सय ९७ रन बटुलेका छन् । रोहितले आठ खेलमा ब्याटिङ गरी चार सय ४२ रन बनाए । उनले चालू विश्वकपमा एक शतक र दुई अर्धशतक जोडेका छन् । दक्षिण अफ्रिकाका क्विन्टन डी कोक तेस्रो स्थानमा छन् । उनले नौ खेलमा २१ छक्का प्रहार गरे । अस्ट्रेलियाका ओपनर डेभिड वार्नरले नौ खेलमा २१ छक्का जोडे । अस्ट्रेलियाका बायाँहाते ब्याट्सम्यान डेभिड वार्नर आक्रामक खेल्न रुचाउँछन् । इनिङ्सको पहिलो बलदेखि नै बाउन्ड्री लगाउने कसरत उनी गर्छन् । अहिलेको विश्वकपमा उनले ४२ चौका प्रहार गरेका छन् । डी कोकको नाममा सर्वाधिक ५७ चौका रहेको छ ।

सामीले लिए दुईपटक पाँच विकेट



भारत सहज रूपमा विश्वकपको सेमिफाइनल पुग्दा फास्ट बलर मोहमद सामीले उत्कृष्ट बलिङ प्रदर्शन गरे । यस सिजनको लयमा देखिएका सामीले विश्वकपमा दुईपटक पाँच विकेटको प्रदर्शन गरेका छन् । उनले एकपटक चार विकेट लिए । सामीले चारपटक मात्र खेल्दा विश्वकपमा १६ विकेट पुऱ्याएका छन् । उनले तीनपटक मेडन ओभर फ्याँकेका छन् । भारतकै रवीन्द्र जडेजाले आठ खेलमा एकपटक पाँच विकेट प्रदर्शन गरे । पाकिस्तानका साहिन साह अफ्रिदी, श्रीलंकाका दिल्सान मदुशंका र न्युजिल्यान्डका मिचेल सान्टरले एक-एकपटक पाँच विकेटको प्रदर्शन गरे ।

श्रीलोचन राजोपाध्याय (एजेन्सीको सहयोगमा)

दक्षिण अफ्रिका पाँच विकेटले विजयी



आइसिसी एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत ४२औँ खेलमा दक्षिण अफ्रिकाले अफगानिस्तानलाई पाँच विकेटले हराएको छ । अहमेदाबादमा पहिलो ब्याटिङ गरेको अफगानिस्तानले ५० ओभरमा सबै विकेट गुमाएर दुई सय ४४ रनको मध्यम योगफल खडा गरेको थियो । प्रत्युत्तरमा दक्षिण अफ्रिकाले ४७.३ ओभरमा पाँच विकेटको क्षतिमा दुई सय ३७ रन जोड्यो ।

जितसँगै दक्षिण अफ्रिकाले नौ खेलमा सात जित र दुई हार निकाली १४ अंक जोड्यो । विश्वकपमा दक्षिण अफ्रिकाले सेमिफाइनलमा अस्ट्रेलियाविरुद्ध खेल्ने पक्का भइसकेको छ । अफगानिस्तान भने आठ अंकका साथ छैटौँ स्थान रक्षा गरेको छ । चालू विश्वकपमा अफगानिस्तानले उपाधि दाबेदार टोलीविरुद्ध उत्कृष्ट प्रदर्शन गरेको छ । पूर्वविश्वकप विजेता पाकिस्तान र श्रीलंकामाथि अफगानिस्तानले सानदार जित निकालेको थियो । यसैगरी, साबिक विजेता इंग्ल्यान्डलाई समेत अफगानिस्तानले स्तब्ध बनायो ।

लक्ष्य पछ्याउँदा दक्षिण अफ्रिकाका लागि सहज भएन । अफगानी बलरले कसिलो बलिङ गर्दा दक्षिण अफ्रिकाले मध्यम योगफल पार लगाउन संघर्ष गरेको देखियो । इनिङ्सको ३७.१ ओभरमा दक्षिण अफ्रिका १८२/५ को स्थितिमा थियो । एन्डीले फेलुकवायो र भान डेर डुसेनले छैटौँ विकेटका लागि ६२ बलमा ६५ रन जोडेपछि दक्षिण अफ्रिकाले १५ बलअघि नै जित निकाल्यो । एन्डीलेले ३७ बलमा तीन छक्का र एक चौका प्रहार गरी ३९ रन जोडे । भान डेरले ९५ बलको सामना गरी ७६ रन बटुले । उनले ६ चौका र एक छक्का प्रहार गरे । अफगानिस्तानका लागि मोहमद नाबी र रसिद खानले समान दुई विकेट लिए । यसअघिको ब्याटिङमा अफगानिस्तानका लागि अजमतुल्लाह ओमाजीले शतक बनाउन चुके । उनी ९७ रनमा नटआउट रहे ।

अंक-तालिका

टोली	खेल	जित	हार	अंक	रनरेट
भारत	८	८	०	१६	२.४५
द.अफ्रिका	९	७	२	१४	१.२६
अस्ट्रेलिया	८	६	२	१२	०.८६
न्युजिल्यान्ड	८	४	४	८	०.३९
पाकिस्तान	८	४	४	८	०.०३
अफगानिस्तान	९	४	५	८	-०.३३
इंग्ल्यान्ड	८	२	६	४	-०.८८
बंगलादेश	८	२	६	४	-१.१४
श्रीलंका	८	२	६	४	-१.१६
नेदरल्यान्ड	८	२	६	४	-१.६३

खेल संक्षेप

सिभाली यू-१४ च्याम्पियन

काठमाडौं/ सिभाली गुरुङले तेस्रो वीर गणेशमान सिंह राष्ट्रिय टेनिस प्रतियोगिताको यू-१४ एकल महिलामा शुक्रबार स्वर्ण जितेकी छिन् । सातदोबाटोस्थित टेनिस कोर्टमा भएको फाइनलमा सिभालीले स्वस्तिका विष्टलाई ६-३ र ६-१ को सोझो सेटमा पराजित गरिन् । वीर गणेशमान सिंह फाउन्डेसन तथा वीर गणेशमान सिंह स्पोर्टस् कमिटीद्वारा संयुक्त आयोजित प्रतियोगिताको भेट्रान ३५ वर्षमाथि पुरुष डबल्समा सन्तोष खत्री र सुवास बस्नेतको जोडी पहिलो भए ।

बंगलादेशमा सुनिरालाई रजत

काठमाडौं/ नेपाल टेनिस खेलाडी सुनिरा थापाले बंगलादेशको ढाकामा भएको वर्ल्ड टेनिस टुर जुनियर, जिआर ५ को सर्किट-१ मा शुक्रबार रजत जितेकी छिन् । ढाकास्थित शेख जमाल नेसनल टेनिस कम्प्लेक्समा भएको महिला एकलको फाइनलमा सुनिरा भारतकी एलिना फरिडसँग ६-३ र ६-० ले पराजित भइन् । बंगलादेश टेनिस संघको आयोजनामा भएको प्रतियोगिताको उक्त स्पर्धामा २७ खेलाडी सहभागी थिए । सुनिरा पहिलो चरणमा बाई पाउँदै प्रिक्वार्टरफाइनलमा प्रवेश गरेकी थिइन् । सेमिफाइनलमा सुनिराले भारतकी देवान्सी गोहिलमाथि ६-३ र ६-० को सहज जित दर्ता गर्दै फाइनलमा स्थान बनाएकी थिइन् । ।

पञ्चकन्यालाई उपाधि

संखुवासभा/ मानेभञ्ज्याङमा चलिरहेको आठौँ अरुणभ्याली फुटबल प्रतियोगिताको उपाधि पञ्चकन्या क्लबले जितेको छ । प्रतियोगिताको शुक्रबार भएको फाइनलमा पञ्चकन्याले तीन पोखरी क्लबलाई ३-२ ले हराउँदै उपाधि हात पारेको हो । तीनपोखरीका फेजालले सुरुवाती अग्रता गोल गरेका थिए । पञ्चकन्याका सुशील राईले बराबरी गोल फर्काए । दोस्रो हाफमा पञ्चकन्याका निरज परियारले २-१ का लागि गोल गरे । पञ्चकन्याका विवेक राईले ३-१ को अग्रता दिलाए ।

एलजी र एन टु फाइनलमा

कास्की/ एलजी एसोसिएसन र एन टु कफी सप पोखरामा चलिरहेको प्रथम खुला लामाचौर कप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेका छन् । प्रतियोगिताअन्तर्गत शुक्रबार भएको पहिलो सेमिफाइनलमा एलजीले शीतल ज्योति युवा क्लबलाई ४-१ ले पाखा लगाउँदै अन्तिम दुई स्थानमा स्थान सुरक्षित गरेको हो । अर्को खेलमा एन टुले आदर्श युवा क्लबलाई टाइब्रेकरमा ५-३ ले पराजित गर्दै उपाधिका लागि एलजीसँगको भेट पक्का गऱ्यो ।

कप्तानी भूमिकाले थप जिम्मेवार बनाउनेछ : कप्तान बर्मा

नयाँ पत्रिका

> इन्दुको कप्तानीमा नेपालले हङकङमा हुने टी-२० सिरिजको पहिलो खेलमा तान्जिनियाको सामना गर्ने

नेपाली महिला राष्ट्रिय क्रिकेट टोलीकी कप्तान इन्दु बर्माले आफूलाई दिइएको नयाँ जिम्मेवारीले ऊर्जा मिर्जा मिलेको बताएकी छिन् । नेपाल क्रिकेट संघ (क्यान)ले बिहीबार हङकङमा हुने टी-२० सिरिजका लागि इन्दुलाई नयाँ कप्तानीका रूपमा चयन गरेको हो । एक दशकभन्दा बढी समय रुबिना क्षेत्रीले महिला टोलीको कप्तानी गरेकी थिइन् । क्यानले एकैपटक क्षेत्रीलाई कप्तानीबाट हटाउनुको कारण देखाएको छैन । तर, क्यानले आगामी दिनमा महिला क्रिकेटको भविष्य थप राम्रो गर्न नै नयाँ कप्तानी चयन गरेको जनाएको छ ।

महिला टोलीकै नेतृत्व गर्न पाउँदा कप्तान इन्दुले सोसल मिडियामा प्रतिक्रिया दिएकी हुन् । उनले भनेकी छिन्, 'नयाँ जिम्मेवारीले अझ धेरै ऊर्जा थपिएको छ ।' उनले क्यान, कार्यसमिति, छनोट र सम्पूर्ण व्यवस्थापकीय टिमलाई धन्यवाद दिएकी छिन् । भित्र र बाहिर थप मिहिनेत गर्नुपर्ने उनले जनाएकी छिन् । 'अहिले मैदानमा थप लगन र मिहिनेत गर्नुपर्ने थपिएको छ, सँगै अझ धेरै जिम्मेवारी बोध भएको महसुस गरेकी छु,' उनले लेखेकी छिन् ।



महिला क्रिकेटको भविष्यलाई हेरेर गरिएको निर्णयलाई आत्मसात् गर्ने उनको भनाइ छ । उनी भन्छिन्, 'नेपाली महिला क्रिकेटको भविष्यलाई विशेष प्राथमिकतामा राखेर गर्नुभएको यहाँहरूको यस महत्त्वपूर्ण निर्णयलाई आत्मसात् गर्छु, महिला टोलीलाई चाहिएको उचित नेतृत्वकारी भूमिका दिन हरदम तत्पर रहेको विश्वास दिलाउन चाहन्छु ।'

उनले नेपाली पुरुष टोलीजत्तिकै माया महिलालाई पनि मिल्ने विश्वास गरेकी छिन् । हङकङमा २९ कात्तिकदेखि ३ मंसिरसम्म हुने चार देश सम्मिलित महिला टी-२० सिरिजका लागि क्यानले नयाँ कप्तानसँगै १४ सदस्यीय नेपाली महिला टोलीको घोषणा गरेको थियो । प्रतियोगिता आयोजक हङकङसहित नेपाल, जापान र तान्जानिया छन् । नेपालले पहिलो खेल कात्तिक २९ मा तान्जानियासँग खेल्नेछ । दोस्रो खेल कात्तिक ३० मा हङकङ र समूहको अन्तिम खेल जापानविरुद्ध २ मंसिरमा खेल्नेछ । शीर्ष दुई टिमबीच उपाधि भिडन्त हुनेछ ।

कटवाल मुख्य प्रशिक्षक


क्यानले मुख्य प्रशिक्षकमा मनोज कटवाल नियुक्त गरेको छ । क्यानले आसन्न सिरिजकै लागि कटवाललाई मुख्य प्रशिक्षक बनाएको हो । नेपालका पूर्वक्रिकेटरसमेत रहेका कटवालले नेपाल पुलिस क्लबमा मुख्य प्रशिक्षकको भूमिका निर्वाह गर्दै आएका छन् । कटवालले यू-१९ हुँदै राष्ट्रिय टोलीमा स्थान बनाएका थिए । उनले सन् २००० देखि २००६ सम्म नेपाली राष्ट्रिय टोलीको प्रतिनिधित्व गरेका थिए । दोस्रो पोखरा प्रिमियर लिग चितवन राइनोजले जित्दा उनी नै प्रशिक्षक थिए ।

गत वर्ष पोखरामा भएको नवौँ राष्ट्रिय खेलकुदमा पुलिसलाई आफ्नो प्रशिक्षणमा उनले स्वर्ण दिलाएका थिए । उनले नेपाली सिनियर क्रिकेट टोलीको एकपटक सहायक प्रशिक्षकको भूमिका निर्वाह गरिसके । यसैबीच, क्यानले सहायक प्रशिक्षकमा पूर्वकप्तान नीरा राजोपाध्याय नियुक्त गरेको छ । पूर्वक्रिकेटर माया रावल टिम व्यवस्थापकको भूमिका देखिनेछिन् ।

आँखा पाक्ने रोगबाट बच्ने उपाय

- संक्रमित व्यक्तिको सम्पर्कमा नजाने,
- संक्रमण भएको छ भने भीडभाडमा नजाने,
- संक्रमित व्यक्तिले प्रयोग गरेका टावेल, रुमाल सिरानी, तन्ना जस्ता वस्तुको प्रयोग नगर्ने,
- जथाभावी आँखा नछुने, छुनैपर्ने भएमा छुनु अघि वा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने,
- व्यक्तिगत सरसफाईमा ध्यान दिने ।

नेपाल सरकार
विज्ञापन बोर्ड



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com